# पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता

त्रिभुवन विश्वविद्यालय शैक्षिक योजना तथा व्यवस्थापन विभाग

स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको आंशिक

आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

**शोधपत्र**


शोधार्थी

थीर कुमार दाहाल

एम.एड. दोश्रो वर्ष

त्रि.वि.द.नं. ९-२-१-१०७३-२०००

क्याम्पस रोल नं. १४/०६९

परीक्षा रोल नं. २०४००८२/०६९

कनकाई वहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सुरुङ्गा, झापा


२०७२

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )

**कनकाई बहुमुखी क्याम्पस**

कनकाई नगरपालिका–३, सुरुङ्गा (झापा)

स्था : २०४७

☎ ०२३–५५०१५३

Fax : ०२३–५५०८५३

Email : kanakai.campus47@gmail.com

च.नं.

प.सं.

मिति : २०७२/०९/१५

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **थीरकुमार दाहालले** मेरो प्रत्यक्ष निर्देशनमा **पिछडा वर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

(योन्देन सुनुवार)

शोध निर्देशक

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
स्था : २०४७
०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति : २०७२/१०/०४

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **थीरकुमार दाहालले पिछडा वर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. उप-प्रा. आशा शर्मा सिवाकोटी
विभागीय प्रमुख ..........................................

२. योन्देन सुनुवार
शोध निर्देशक ..........................................

३. उप-प्रा. शेषराज अधिकारी
बाह्य परीक्षक ..........................................

# कृतज्ञता ज्ञापन

*पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता* शीषकको शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषय (इडि.पि.एम. ५९९) को आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि तयार पारिएको हो ।

यस शोधपत्रको शीर्षक छनौटदेखि शोध लेखान कार्य पूरा गर्ने समयसम्म अमूल्य सुझाव, सल्लाह, निर्देशन तथा सहयोग प्रदान गर्नुहुने कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका क्याम्पस प्रमुख सह-प्रध्यापक टंक बहादुर कार्की, इ. पि. एम. विभाग प्रमुख उप-प्रध्यापक आशा शर्मा शिवाकोटी, शोध निर्देशक सहायक प्रध्यापक योन्देन सुनुवार,  सहयोग गर्ने शिक्षक गोपीकृष्ण भट्टराई प्रति हार्दिक आभार प्रकट गर्दछु । अध्ययनको क्रममा आवश्यक पर्ने सूचना, तथ्याङ्क तथा जानकारी प्रदान गर्नुहुने दुर्गापुर स्रोतकेन्द्र र हल्दिवारी स्रोतकेन्द्रका स्रोतव्यक्तिहरु, विद्यालयका प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षकहरु, अभिभावकहरु तथा विद्यार्थीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु । अनुसन्धानको क्रममा प्रत्यक्ष अप्रत्यक्षरुपमा सहयोग गर्नुहुने सबै मानुभावहरुमा हार्दिक धन्यवाद प्रदान गर्न चाहान्छु ।

अध्ययन कार्यमा सधैं लाग्न प्रेरणा दिने, समय निकाल्न सहयोग गर्ने तथा तथ्याङ्क संकलन र सम्पादनमा सहयोग पुऱ्याउने माता पिता, जीवन संगिनी हरिमाया तथा छोराहरु येमन र मौसमलाई विशेष धन्यवाद ज्ञापन गर्दै मुद्रण कार्यमा सहयोग पुऱ्याउने पर्फेक्ट प्रिन्टिङ्ग प्रेसका संस्थापक श्री भवानी रिजाल तथा भाषिक शुद्धता  हेर्ने गुरु श्री टिका प्रसाद रिजाललाई धन्यवाद दिन चाहान्छु ।

२०७२ पौष                                                                शोधार्थी

# शोधसार

*"पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता" शीर्षकमा तयार गरिएको यस शोधपत्रको प्रमुख उद्देश्य पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिताको वर्तमान अवस्था खोजी गर्नु रहेको छ ।*

*यो अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा केन्द्रित भएपनि तथ्याङ्कको व्याख्या विश्लेषण गुणात्मक र परिमाणात्मक दुबै आधारमा गरिएको छ । यस अध्ययनमा उद्देश्यमूलक र सुविधायुक्त नमूना छनौटको आधारमा विद्यालयहरु छनौट गरिएका छन् । उद्देश्यमूलक नमूना छनौट विधिको आधारमा विद्यालयहरु, स्रोतव्यक्तिहरु, प्रधानाध्यापकहरु शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, पिछडावर्गका विद्यार्थीहरु तथा अभिभावकहरुलाई  छनौट गरिएको छ । नमुना छनौटमा परेका व्यक्तिहरुसँग अन्तरवार्ता, प्रश्नावली, रुजुसूची, स्थलगत सर्वेक्षण आदि साधनहरुको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ । यस अध्ययनमा तथ्याङ्क संकलनको प्राथमिक स्रोतको रुपमा अन्तरवार्ता, प्रश्नावली, रुजुसूची, स्थलगत सर्वेक्षण आदिको प्रयोग गरिएको छ भने सहायक स्रोतको रुपमा विद्यालय अभिलेख, सम्बन्धित साहित्यहरु आदिलाई लिइएको छ । यस अनुसन्धानका लागि इल्टन मायोको मानव सम्वन्ध सिद्धान्त र मास्लोको आवश्यकता सिद्धान्तको आधारभूत मान्यतालाई प्रयोग गरिएको छ ।*

*यस अध्ययनको समग्र अध्ययन पश्चात यसको निष्कर्षमा पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिताको अवस्था सन्तोषजनक पाइएन । पिछडावर्गका विद्यार्थीहरुको भर्नादर २६.३३ प्रतिशत, कक्षा दोहोर्‍याउने दर ४ प्रतिशत, उत्तीर्ण दर ८५.६७ प्रतिशत रहेको पाइयो भने एउटा कक्षावाट सरदर २ जना पिछडावर्गका विद्यार्थीहरुले वार्षिक रुपमा विद्यालय छाड्न  वाध्य भएको पाइयो । पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागितामा देखिएका मुख्य समस्याहरुमा यस वर्गका अभिभावकहरु शैक्षिक पेशामा न्यून सम्लग्नता, अभिभावकको सकरात्मक शैक्षिक दृष्टिकोणको अभाव, पिछडावर्गको कमजोर आर्थिक अवस्था, यस वर्गका विद्यार्थीहरुको घरेलु श्रम गर्नुपर्ने वाध्यता, ठूलो परिवार र कमजोर स्वास्थ्य, विद्यालयमा यस वर्ग प्रति प्रतिकूल वातावरण, वालमैत्री वातावरणको अभाव आदि प्रमुख रुपमा पाइयो । पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता वढाउने उपायहरुमा पिछडावर्गका अभिभावकहरुमा चेतना अभिवृद्धि कार्यक्रम संचालन, गरिबी*

*न्यूनीकरण तथा अर्थोपार्जन गर्न सकिने सीपमूलक तालिमको व्यवस्था, पिछडावर्गका वालवालिका लक्षित छात्रवृत्ति प्रदान तथा प्रोत्साहन सहित शिक्षा कार्यक्रम संचालन, विद्यालयमा भेदभाव रहित वालमैत्री शैक्षिक वातावरणको सिर्जना, उदार कक्षोन्नति कार्यान्वियन आदि रहेको पाइयो । अनुसन्धानवाट पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता वढाउन शिक्षाको आवश्यकता र महत्व नबुझेका अभिभावकहरुलाई महत्व बुझाउनु पर्ने, गरिवी न्यूनीकरण कार्यक्रम संचालन गर्नुपर्ने, गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरी सो रकम सदुपयोग गर्न प्रेरित गर्नुपर्ने तथा विद्यालयमा हुने भेदभावको अन्त्य गर्नुपर्ने सुझाव प्राप्त भएको छ ।*

*पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता सुनिश्चित गर्न सरोकारवाला पक्षलाई वढी जिम्मेवार र उत्तरदायी बनाउन नीतिगत पक्ष मिलाउनुपर्छ । विपन्न पिछडावर्गका मानिसको आर्थिक स्तर उकास्न तथा सीप प्रदान गरी आत्मनिर्भर बनाउन नीति निर्माण गरी अगाडि बढ्नुपर्छ । अभिभावकमा शैक्षिक चेतना अभिवृद्धि गरी शैक्षिक सहभागिता वढाउने कार्यको तुरुन्त कार्यान्वयन गर्नुपर्छ । लक्ष्यित विद्यार्थी पहिचान गरी छात्रवृत्ति वितरण गर्नुपर्छ । कक्षाकोठामा वाल मनोविज्ञान बुझेर वालमैत्री कक्षा संचालन गरी पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता सुनिश्चित गर्नु अत्यवश्यक देखिएको छ ।*

## विषयसूची

सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञता ज्ञापन

शोधसार

विषय सूची

तालिका सूची

**परिच्छेद एक : परिचय** **१–९**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ५

१.३ अध्ययनको औचित्य ६

१.४ अध्ययनको उद्देश्य ८

१.५ अनुसन्धनात्मक प्रश्नहरु ८

१.६ अध्ययनको परिसीमा ८

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** **१०–१८**

२.१ सम्वन्धित साहित्यको पुनरावलोकन १०

२.२ सैद्धान्तिक खाका १६

२.३ पुनरावलोकनको शैक्षिक उपादेयता १८

**परिच्छेद तीन : अध्ययन विधि** **१९–२२**

३.१ अनुसन्धान ढाँचा १९

३.२ जनसंख्या र नमूना छनौट २०

३.३ अध्ययनका साधनहरु २१

३.४ तथ्याङ्कको स्रोत २१

३.५ तथ्याङ्क सङ्कलन विधि २२

३.६ तथ्याङ्क अध्ययन तथा विश्लेषण विधि २२

## परिच्छेद चार : नतिजाको व्याख्या २४–४३


४.१ पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिताको स्थिति २४

४.१.१ पिछडावर्गका विद्यार्थीहरुको भर्नादर २४

४.१.२ पिछडावर्गका विद्यार्थीहरुको कक्षा दोहाऱ्याउने दर २६

४.१.३ बीचैमा विद्यालय छाड्ने पिछडावर्गका विद्यार्थी विवरण २८

४.१.४ पिछडावर्गका विद्यार्थीहरुको उत्तीर्णदर ३०

४.१.५ पिछडावर्गका छात्राहरुको सहभागिता विवरण ३२

४.२ पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरु ३३

४.२.१ शैक्षिक सेवामा पिछडावर्गको न्यून सहभागिता ३५

४.२.२ अभिभावकको सकरात्मक शैक्षिक दृष्टिकोणको अभाव ३६

४.२.३ कमजोर आर्थिक अवस्था र घरेलु श्रम गर्नुपर्ने वाध्यता ३७

४.२.४ ठूलो परिवार तथा कमजोर स्वस्थ्य ३७

४.२.५ विद्यालयको प्रतिकूल वातावरण ३८

४.३ पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता वढाउने उपायहरु ४०

४.३.१ अभिभावकमा शैक्षिक चेतना अभिवृद्धि ४०

४.३.२ पिछडावर्गको गरिबी न्यूनीकरण तथा सीप विकास ४१

४.३.३ पिछडावर्ग वालवालिका लक्ष्यित छात्रवृत्ति तथा प्रोत्साहन सहित शिक्षा कार्यक्रम संचालन ४२

४.३.४ भेदभाव रहित बालमैत्री शैक्षिक वातावरण ४२

४.३.५ उदार कक्षोन्नति तथा अतिरिक्त समय शिक्षण ४३


## परिच्छेद चार : निष्कर्ष र सुझाव ४६–४७


५.१ निष्कर्ष ४६

५.२ सुझाव ४७

सन्दर्भसूची

अनुसूचीहरु

# तलिका सूची


| ता.नं. | विवरण | |
|---|---|---|
| १ | पिछडावर्गका विद्यार्थीहरुको भर्नादर | २५ |
| २ | पिछडावर्गका विद्यार्थीहरुको कक्षा दोहार्‍याउने दर | २७ |
| ३ | बीचैमा विद्यालय छाड्ने पिछडावर्गका विद्यार्थी विवरण | २९ |
| ४ | पिछडावर्गका विद्यार्थीहरुको उत्तीर्णदर | ३१ |
| ५ | पिछडावर्गका छात्राहरुको सहभागिता विवरण | ३३ |
| ६ | पिछडावर्गको पेशागत विवरण | ३५ |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

हिमालयको काखमा अवस्थित अनेकौं प्राकृतिक छटा र मनोरम स्थलले भरिपूर्ण देश नेपाल एक बहुजातीय, बहुभाषीक, बहुसांस्कृतिक, बहुधार्मिक विविधताको संगम पुण्यभूमि हो । इतिहासको अनेकौं कालखण्डमा यो भूमि एक पवित्र देवस्थल, पुण्यभूमि तथा विभिन्न जातजातिहरुको संगम स्थलको रुपमा परिचित हुँदै आएको छ । नेपाल एकिकरण भन्दा अगाडि बाइसे, चौबीसे, सेन र मल्ल राज्य जस्ता स-साना राज्यहरुमा बिभाजन भएका कारण तथा एक भू-परिवेष्ठित देश भएका कारण छिमेकी राष्ट्रहरुबाट अनेकौं जातजाति तथा सम्प्रदायका मानिसहरु आप्रवासीको रुपमा भित्रिएकाले हाम्रो देश अनेकौं फूलहरु फुलेको सुन्दर फूलबारी जस्तै बनेको छ । केन्द्रीय तथ्याङ्क विभाग ( २०१२ ई.सं.) अनुसार यहाँ १२६ जातजाति तथा १२३ मातृभाषा भएका मानिसहरु साम्प्रदायिक रुपमा एक भई बसेका छन् ।

भौगोलिक अवस्थाको आधारमा तीन क्षेत्रमा विभाजित नेपालको हिमाली क्षेत्रमा शेर्पा, थकाली, गुरुङ्, मनाडी आदि जातजातिका मानिसहरुको बसोबास पाइन्छ भने पहाडी क्षेत्रमा खास गरी राई, लिम्बू, तामाङ्, बाहुन, क्षेत्री, नेवार, मगर आदि जातजातिको मुख्य बसोबास पाइन्छ । यसै गरी नेपालको तराई प्रदेशमा मुख्य रुपमा यादव, महतो, मुसहर, थारु, राजवंशी, धिमाल, बाहुन, क्षेत्री, माभ्ही, दनुवार, कुसवाहा, कुर्मी, कुम्हार, कहार, केवर, तेली, नुनिया, वनिया, माली, मल्लाह, मुसलमान, वरैई, राजभर, राजधोव, रोनियार, लोहार, सुँडी, सोनार, हलुवाई, हजाम आदि जातजातिका मानिसहरु बसोबास रहेको छ (जोशी र विष्ट, २०६८) । यी जातजातिहरु मध्ये केही अंश ओगटेको पिछडावर्ग विषेश गरी नेपालको तराई प्रदेशमा वसोवास गर्दै आईरहेका छन् । खास गरी नेपालको पूर्वी तथा मध्य मधेशमा बसोबास गर्ने जातजाति मध्ये धेरै जसो सामाजिक एवम् शैक्षिक रुपले पछि परेको देखिएकाले नेपाल सरकारले पिछडावर्ग भित्र सूचीकृत गरेको पाईन्छ (स्थानीय मन्त्रालय, २०६७) । यहाँ यिनै पिछडावर्ग जातजातिका बालबलिकाहरुको शैक्षिक सहभागिता बारे अध्ययन गरिएको छ ।

समाजमा शैक्षिक, आर्थिक, सामाजिक रुपमा पछि पारिएका र दलित तथा जनजातिको सूचीमा नपरेका जातजातिलाईै पिछडावर्गका रुपमा चिनिन्छ । आदिबासी,

जनजाति, दलित तथा उपल्लो जातिमा नपर्ने र सरकारको शैक्षिक, आर्थिक, सामाजिक सुविधाको हिस्सावाट बन्चित तथा राजनीतिक रुपमा सिमान्तकृत समुदाय नै पिछडावर्ग हो । भाषिक, सांस्कृतिक, जातीय, एवं क्षेत्रीय पहिचान नभएको वासिन्दा नै पिछडावर्ग हुन् (मन्नु, २०६७) । यस वर्गमा पर्ने जातजातिहरुमा कुसावाहा, कुर्मी, कुम्हार, कहार, केवट, तेली, नुनिया, वनिया, भेडीहर, माली, मल्लाह, मुसलमान, वरैई, यादव, राजभर, राजधोव, रोनियार, लोहार, लोध, सुँडी, सैनी, सोनार, हलुवाई, हजाम, केरित, वर्णवाल, जोगिया, विन, वेलदार, कालाबाजा, बोटे, वडै आदि हुन् (स्थानीय मन्त्रालय, २०६७) । पिछडावर्ग महासंघ अन्तरगत आवद्ध रही आएका जातजातिहरु कुसावाहा, कुर्मी, कुम्हार, कहार, केवट , कमार, कानु, कलवार, तेली, नुनिया, बनिया, भेडीहर, माली , मल्लाह, मुसलमान, बरैई, यादव, राजभर, राजधोव, रोनियार, लोहार, लोध, सैनी, सोनार, हलुवाई, हजाम, अमात, केवरत, वर्णवाल, जोगिया, विन, वेलदार, कालाबाज, बोट, बडै आदि पर्दछन् (महतो, २०६८) । हाल नेपालमा कूल जनसंख्याको १८ प्रतिशत जनसंख्या पिछडावर्गको रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) । यी मध्ये आर्थिक तथा शैक्षिकरुपमा अघि बढेका जातिहरुमा वनिया, रोनियार, कलवार, तेली, हलुवाई, वर्णवाल आदि हुन् भने कुसावाहा (महतो) र यादवहरु राजनीतिकरुपमा सक्रिय भई अगाडि बढेका छन् ।

जातीय अधिकार तथा सामाजिक एवं राजनीतिक उत्थानका लागि पिछडावर्ग संगठित भई अगाडि बढेको पाइयो । वि.सं.२०४२ सालमा जनकपुर स्थित रामसागर - रामस्वरुप वहुमुखी क्याम्पसमा छात्रवृत्तिका लागि विद्यार्थी नेतासँग कुरा गर्दा नेतृत्वबाट सजातीय विद्यार्थीलाई काखा र पिछडावर्गका विद्यार्थीलाई पाखा गरेपछि तत्कालिन पिछडावर्गका विद्यार्थीहरु बीच आफ्नो जातित्वको पहिचान र पिछडावर्गको उत्थान गर्ने सोचका साथ पिछडावर्गलाई गोलबन्द गर्ने प्रयास शुरु गर्न थाल्ने पहिलो नेताको रुपमा सक्रिय बने कञ्चनपुर, कुसवाह टोल, सप्तरीका युवा विद्यार्थी भरतप्रसाद कुसवाहा (महतो) । आफ्नो जातित्वको पहिचान र पिछडावर्गको उत्थान गर्ने सोचका साथ अगाडि बढेका उनले आफ्नो भाषा मैथिली नभएर मगही हो भन्ने रहस्य पत्ता लगाए । यसै गरी वि. सं. २०४७ माघ ४ गते कुसवाह विद्यार्थी भेला गरी कुसवाह विद्यार्थी केन्द्र स्थापना गरी यसलाई देशव्यापी बनाउदै नेपाल कुसवाह संघको नाममा अन्तराष्ट्रिय स्तर सम्म विस्तार गरेको पाइयो (महतो, २०६८) ।

विभिन्न जातजाति र त्यससँग सम्बन्धित संघ संस्थालाई समेटी  बि.सं. २०५५ साल वैशाख १ गते भरत प्रसाद महतोको अध्यक्षतामा  नेपाल पिछडावर्ग उत्थान संघ गठन गरियो । तराई प्रदेशमा बसोबास गर्ने दलित, आदिवासी तथा जनजातिहरुको सूचीमा  सूचीकृत नभएका, समाजमा आर्थिक, शैक्षिक, राजनीतिक र सामाजिकरुपमा पछि पारेका जातजातिहरु एकिकृत हुँदै २०६१ साल श्रावण ३० गते काठमाण्डौंमा विभिन्न जातीय संगठन तथा राजनीतिक दलका नेताको सहभागितामा नेपाल पिछडावर्ग उत्थान संघको प्रथम महाधिवेशन सम्पन्न भयो । तत् पश्चात् वि. सं. २०६२ साल जेष्ठ १७ गतेदेखि नेपाल पिछडावर्ग उत्थान संघले यसलाई “नेपाल पिछडावर्ग महासंघ” मा परिणत भयो (महतो, २०१२) ।

पिछडावर्गहरुको जातीय अस्तित्वको आन्दोलन २०६३ सालको मधेश आन्दोलन संगसंगै संयुक्तरुपमा उत्कर्षमा पुगेको देखिन्छ । वि.सं. २०६३ माघ २१, २२ र २३ गते भएको मधेस उत्कर्षमा पुऱ्याउन पिछडावर्ग महासंघले उच्च भूमिका खेल्यो तर आन्दोलनमा महासंघको नाम लिन कसैले चाहेनन् । यसै क्रममा २०६३ चैत्र २४ गते बृहत राजनीतिक सम्मेलन गरी पिछडावर्गको पहिचान र विकासका लागि आवाज उठाउने उद्देश्यले राष्ट्रिय जनता दल नेपाल नामक दल गठन भयो । यो दलले वि. सं. २०६४ वैसाख २५ गते स्थानीय जिकास मन्त्रालयमा चेतावनी पत्र दिई घेराउ गरेपछि सरकार र  पिछडावर्गहरु बीच वार्ता भई  पिछडावर्गको उत्थान समिति गठन गर्ने सम्झौता भयो जसमा सरकारको तर्फवाट तत्कालिन स्थानीय विकास मन्त्री देव गुरुङ र जनता दल नेपालका अध्यक्ष भरत प्रसाद महतोले हस्ताक्षर गरेका थिए । यसमा पिछडावर्गको उत्थान समिति गठन गर्न आदेश मन्त्री परिषदमा पेस गर्ने र पिछडावर्गको विकासका लागि  पाँच करोड रुपैंया विनियोजन गर्ने सहमति भयो । सरकारले गरेका सम्झौता र सहमति पटक पटक उलङ्घन भएपछि नेपाल बन्द र सिंहदरबार कार्यक्रम अगाडि बडाएको पाइयो । आन्दोलनकै क्रममा सरकारले वार्तामा बोलाएपछि तत्कालिन प्रधानमन्त्री माधव कुमार नेपालसँग वार्ता गरी विगतका सम्झौता सात दिन भित्र कार्यन्वयन गर्ने सहमति भयो । यसरी  पिछडावर्गको हकहित, पहिचान र अधिकारका लागि जनता दल नेपालले सङ्घर्षको कार्यलाई निरन्तर रुपमा अगाडि बढाइरह्यो (महतो, २०६८) ।

शिक्षा विभाग, (२०६२) अनुसार

> “शिक्षासम्बन्धी अर्को विश्व बैठक सन् २००० मा सम्पन्न भयो, जसलाई डकार शिक्षा मञ्च भनिन्छ । यो बैठकले के प्रष्ट गऱ्यो भने “सबैका लागि शिक्षा” कार्यक्रमले गरिब र सबैभन्दा असुविधामा रहेका मानिसहरुको आवश्यकतालाई ध्यानमा राख्नुपर्दछ । यसभित्र अपाङ्ग, श्रमिक बालबालिकाहरु, दुर्गम गाउँका बालबालिकाहरु, सडक बालबालिकाहरु, जातीय तथा भाषिक अल्पसंख्यकहरु र विषेश सिकाइको आवश्यकता भएकाहरु पर्नुपर्दछ । यस बैठकमा सबैको लागि शिक्षाको लक्ष्य हासिल गर्नको लागि समाहितपूर्ण शिक्षालाई मुख्य रणनीतिको रुपमा अपनाइयो ।”

प्रत्येक वालवालिकाले कम्तिमा आधारभूत तह सम्मको शिक्षा पाउनुलाई उसको नैसर्गिक अधिकार मानिन्छ । अतः वर्तमान अवस्थामा सबैका लागि शिक्षा, अनिवार्य आधारभूत शिक्षा, निःशुल्क शिक्षा, जीवन पर्यान्त शिक्षा आदि जस्ता अवधारणा अगाडि सारिएको छ । राज्यले जे जस्ता धारणा अगाडि सारे पनि सबैले उक्त तह पूरा गर्न सक्दैनन् किनकि विद्यार्थीको सामाजिक, आर्थिक, भाषिक, सांस्कृतिक, भौगोलिक आदि कठिनाईका कारणले विद्यालयमा जुन तहमा भर्ना हुन्छन् उक्त तह पूरा नगर्दै बीचैमा विद्यालय छाड्छन् । जसकारण सबै जातजाति, वर्ग तथा समुदायका वालवालिकाहरुको शैक्षिक सहभागितामा प्रश्न चिन्ह खडा भएको अवस्था छ । राज्यले सबैका लागि शिक्षाको समान अवसर सिर्जना गर्न विद्यमान सामाजिक तथा आर्थिक विकासमा ठूलो फड्को मार्नुपर्ने हुन्छ । हाम्रो समाजमा असमान सामाजिक तथा आर्थिक संरचना भएकाले वालवालिकाहरुको शैक्षिक सहभागितामा समान हुन सकेको छैन । सम्पूर्ण वर्ग र समुदायका वालवालिकाहरु लाई समान शैक्षिक सहभागिता गराउन राज्यले ठोस नीति बनाएर त्यसलाई कार्यन्वयन गर्दै निरन्तर अनुगमन तथा मुल्याङ्कन गरी अघि बढ्नु पर्छ ।

नेपालमा सामाजिक, आर्थिक, राजनीतिकरुपमा मात्र नभएर शैक्षिक पनि पिछडावर्गका समुदायका मानिसहरु निकै पछि परेका छन् । निरन्तर कृषि व्यवसायमा संलग्न हुने गरेका यस समुदायका मानिसहरुको आर्थिक अवस्था न्यून स्तरको भएको र राज्यका निकायमा पहुँच निकै कम भएको पाइएको छ । कृषि पेशामा रमाउने यस समुदायका मानिसहरु आफ्ना सन्तानलाई कृषिकार्यमा संलग्न गराउने तथा उक्त पेशामा नै

निपुण बनाउने सोच रहेको देखिन्छ । सरकारको फितलो शैक्षिक व्यवस्थापनको सिकार बनेका सामुदायिक विद्यालयहरुमा पनि निकै कम संख्यामा आफ्ना वालवालिका भर्ना भएको देखिन्छ । कमजोर शैक्षिक व्यवस्थापनका कारणले कक्षा दोहोऱ्याउने र बीचैमा कक्षा छोड्ने दर पनि यस समुदायमा वालवालिकाहरुमा निकै बढी देखिन्छ ।

हाल आएर आफू परम्परागत कृषि पेशामा संलग्न भए तापनि आफ्ना सन्तानलाई राम्रो तथा गुणस्तरीय शिक्षा दिने उद्देश्यले यस समुदायले आफ्ना वालवालिका सामुदायिक विद्यालयहरुमा भर्ना गरेका पाइएको छ । न्युन आय भएका गरीब तथा जेहेन्दार विद्यार्थीहरु लाई छात्रवृत्तिको व्यवस्था भएको तथा पिछडिएको ग्रामिण क्षेत्रमा बसोवास गर्ने कारण यस समुदायका वालवालिकाहरु सामुदायिक विद्यालयमा भर्ना हुने गरेको पाइएको छ । सामुदायिक विद्यालयमा पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता वारे तुलनात्मक तथा विश्लेषणात्मक अध्ययन यस अनुसन्धानमा गरिएको छ ।

## १.२ समस्याको कथन

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक विविधताको संगम तथा चार वर्ण छत्तिस जातको साझा फूलवारी भए पनि यहाँ वसोवास गर्ने मानिसहरुको असमान सामाजिक तथा आर्थिक हैसियत भएकाले सबै जातजाति, भाषाभाषी, धर्म संस्कृति तथा वर्गका वालवालिकाहरुको समान शैक्षिक सहभागिता नरहेको अवस्था छ । यस्तो परिवेषमा यहाँ कुलीन वर्गका समुदायको राज्यमा पहिचान, जातीय रुपमा ब्राह्मण, क्षेत्रीको अस्तित्व सबैभन्दा माथि रहेका अवस्थामा जनजाति, आदिवासी र दलित वर्गका मानिसको पहिचानको माग सर्वत्र उठी केही हदसम्म राज्यले सम्वोधन गरे तापनि दलित र जनजातिको सूचीमा नपरेका पिछडावर्गको राज्यमा पहुँच हरेक अङ्गमा शुन्यप्रायः छ । यसै सन्दर्भमा यस अनुसन्धनात्मक कार्यमा ती जातीय, भाषिक, सांस्कृतिक, भौगोलिक, तथा राजनीतिक अधिकार प्रप्ति सहित आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक चेतना अभिवृद्धि गर्नका लागि अथक प्रयासमा क्रियाशील नेपाल पिछडावर्ग महासंघ भित्र सूचीकृत भएका जनजातिका वालवालिकाहरुको शैक्षिक सहभागिता वारे अध्ययन गरिएको छ ।

राज्यका अनेकन क्षेत्रमा अन्य समुदायको गतिलो पहुँचका कारण उनीहरुका वालिकाहरुको शैक्षिक अवस्था निकै राम्रो देखिन्छ । सरकारी नोकरी, राजनीतिक पहुँच,

व्यापारमा एकाधिकार जस्ता कारकतत्वको परिणामस्वरुप उनीहरुले आफ्ना वालवालिकालाई शिक्षामा सहभागी गराउन सफल भएका छन् । अर्को तर्फ आर्थिक, राजनीतिक, सामाजिकरुपमा पछि पारिएका पिछडावर्गका समुदायका वालवालिका विविध कारणले स्तरीय तथा उच्च शिक्षाबाट बञ्चित बनाइएका छन् । सामुदायिक विद्यालयको खस्कँदो शैक्षिक अवस्था, पिछडावर्गको न्यून आर्थिक अवस्था, संस्थागत विद्यालयको चर्को शुल्क, चेतनाको कमी, राज्यका विभिन्न कठिनाई आदि कारणले प्रायः पिछडावर्गका वालवालिकाहरु न्यून संख्यामा मात्र शिक्षामा सहभागी बनेको अवस्था छ । त्यसमा पनि न्यून भर्नादर, बीचैमा कक्षा छाड्नेदर, कक्षा दोहोऱ्याउने दर निकै बढी देखिएकाले यस अनुसन्धनमा पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता कस्तो छ ? ती वालवालिकाको शैक्षिक सहभागितामा के कस्ता समस्याहरु देखापरेका छन् ? ती समस्याहरु समाधानका उपायहरु के के छन् ? भन्ने कुरा पत्ता लगाउनु नै यस अध्ययनको समस्याको कथनको रुपमा लिइएको छ ।

पिछडावर्गको हक, हित र अधिकारका क्षेत्रमा राजनीतिक रुपमा होस् वा जातीय, वर्गीय रुपमा होस् जे जसरी भएपनि केहीहदसम्म प्रयास तथा प्रगतिहरु भएका देखिन्छन् । तर दीर्घकालीन प्रभाव पार्ने शैक्षिक क्षेत्रमा यस वर्गको सहभागिता बढाउन भने कमै प्रयासहरु भएका पाइयो । यसै सन्दर्भमा पिछडावर्गको शैक्षिक सहभागिता वारे अध्ययन गरी देखिएका समस्या सुल्झाउने प्रयास गरिएको छ । यस अघि पिछडावर्गको इतिहास, समाजिक, आर्थिक, राजनीतिक अवस्था आदि बारे अध्ययन भए तापनि पिछडावर्गका विद्यार्थीको शैक्षिक सहभागिता बारे गहन अध्ययन नभएकाले "पिछडावर्गका विद्यार्थीको शैक्षिक सहभागिता कस्तो छ" भनी विश्लेषण गर्नु यस अध्ययनको समस्याको कथन हो ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि जातजातिहरुको आफ्नै भाषा, संस्कार, संस्कृति, धर्म तथा सामाजिक मूल्य मान्यताहरु रहेका हुन्छन् । यी सबै पक्षको विकास तथा उत्थानका लागि शिक्षा तथा अर्थिक अवस्थाले सबै भन्दा बढी प्रभाव पर्दछ । तर नेपालका धेरै समुदायहरु आज विभिन्न पक्षवाट पछि परेका छन् । उनीहरुका धेरै भन्दा धेरै समस्याहरु आज हाम्रो साम् चुनौतीको रुपमा छन् । ती समस्या मध्ये दिनरात अहोरात्र कार्य गरे तापनि आर्थिकरुपमा जीर्ण बन्दै गएका

पिछडावर्ग समुदायका विद्यार्थीको शैक्षिक सहभागितामा देखिएको समस्यालाई चर्को रुपमा यहाँ उठाइएको छ । पिछडावर्गका मानिसहरुको आर्थिक विपन्नताका कारण तथा चेतनाको अभावका कारण यस वर्गका वालवालिकाहरु विद्यालयको पहुँच सम्म पुग्न सकेका छैनन् । यस वर्गमा शैक्षिक चेतनाको अभावले गर्दा शिक्षाप्रतिको उत्प्रेरणामा कमी भई विद्यार्थीको शैक्षिक सहभागिता पनि कम देखिएको छ । अतः यस अध्ययनमा ती वालवालिकाहरुको सामुदायिक विद्यालयमा के कस्तो सहभागिता रहेको छ र सहभागिता न्यून हुनका कारणहरु के के हुन भनी खोजी गरी प्रस्तुत गरिएको छ ।

हाम्रो देशमा राज्यको मूल प्रवाहमा अझै पनि समेटिन नसकेका, राज्यको साधन स्रोतमा पहुँच नपुगेका, राज्यको हक, अधिकार र सुविधावाट बन्चित, शिक्षाको उज्यालो प्रकासवाट ओझेलमा परेका अन्य कतिपय समुदायहरु विद्यमान छन् । यो पिछडावर्गको शैक्षिक सहभागिताको समस्या भन्दा दलित, सिमान्तकृत र लोपोन्मुख जातिका वालवालिकाको शैक्षिक अवस्था पनि जटिल समस्याकोरुपमा देखिएको छ । तर ती समस्या भन्दा पिछडावर्गको शैक्षिक सहभागिताको समस्या प्रमुख जटिल समस्याको रुपमा देखियो किनकि सिमान्तकृत, दलित र लोपोन्मुख जातिको अवस्था सुधारका लागि राज्यले हाल लक्ष्यित कार्यक्रमहरु अघि सारेको अवस्था एकातिर छ भने अर्कोतिर गैर सरकारी संस्थाको पनि ध्यान ती जातजातिहरुमा केन्द्रीत भएको छ । यस अवस्थामा पिछडावर्गका विद्यार्थीको शैक्षिक सहभागिता वारे कुनै पनि पक्षवाट पहल कदमी नभएको तथा गहन अध्ययन समेत नभएकाले यो अध्ययन औचित्यपूर्ण छ । आफ्नै मुलुक भित्र दिनरात अहोरात्र कार्य गरे तापनि आर्थिकरुपमा जीर्ण बन्दै गएका पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता सम्बन्धी अध्ययन यहाँ गरिएको छ । अतः यस अध्ययनमा पिछडावर्गका वालवालिकाहरुको सामुदायिक विद्यालयमा के कस्तो सहभागिता तथा पहुँच रहेको छ, उनीहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरु के के छन् आदि पक्षहरु समेटिएको छ । शिक्षासँग सम्बद्ध पक्षहरु (शिक्षा मन्त्रालय, बिभाग, जि.शि.का., श्रोतकेन्द्र, विद्यालय) लाई यस अध्ययनले पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरु समाधान गरी आगामी दिनमा विशेष कार्यक्रमको योजना र व्यवस्थापनलाई प्रभावकारी ढङ्गले संचालन गर्न तथा पिछडावर्गका विद्यार्थीहरुका शिक्षामा पहुँच विस्तार गर्न यस अध्ययनले

सहयोग गर्नेछ । पिछडावर्गका बालबालिकाहरुलाई अभिभावकहरुले विना भेदभाव विद्यालयमा अध्ययन गर्न पठाउने वातावरण सिर्जन गर्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययका उद्देश्यहरु निम्न अनुसार छन् :-

(क) पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिताको स्थिति विश्लेषण गर्नु ।

(ख) पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरु पहिचान गर्नु ।

(ग) पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता बढाउने उपायहरु खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अनुसन्धान कार्यका लागि उद्देश्यसँग सम्बन्धित निम्नानुसार अनुसन्धानात्मक प्रश्नहरु रहेका छन् :-

(क) पिछडावर्गका विद्यार्थीहरुको भर्नादर, कक्षा दोहोऱ्याउने दर, उत्तीर्णदर, विद्यालय छोड्ने दर र छात्रा सहभागिता के कस्तो रहेको छ ?

(ख) पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिताका समस्याहरु के के हुन् ?

(ग) पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता न्युन हुनका मुख्य कारणहरु के के हुन?

(घ) पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिताका बढाउने उपायहरु के के हुन् ?

## १.६ अध्ययनको परिसीमा

हरेक विषय तथा क्षेत्रको अनुसन्धान गर्ने कममा निस्चित सीमाहरुमा बाँधिनुपर्ने हुन्छ किनकी कुनै पनि विषयको सबै पक्षका अध्ययन एकै क्षेत्रवाट र एकै समयमा सम्भव हुदैन । यो अध्ययन गर्नका लागि पिछडावर्गको बढी चाप रहेको क्षेत्र मुख्य गरी झापा जिल्लाको मध्य दक्षिणी इलाकामा रहेका दुई श्रोतकेन्द्रका तीन/तीन सामुदायिक विद्यालय गरी छवटा विद्यालयमा केन्द्रीत रहेको छ । त्यस क्षेत्रभित्रका स्रोतव्यक्ति, प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष तथा अभिभावक र विद्यार्थीहरुलाई नमूना छनौटका आधारमा तथ्याङ्क संकलन गरिएको छ । यो अनुसन्धान यी छवटा सामुदायिक विद्यालयको पिछडावर्गका विद्यार्थीहरुको भर्नादर, कक्षा दोहोऱ्याउने दर, उत्तीर्णदर, विद्यालय छोड्ने दर, उनीहरुको

शैक्षिक सहभागिता न्यून हुनका कारणहरु तथा शैक्षिक सहभागिता बढाउने उपायहरु खोजी गर्ने कार्यमा मात्र केन्द्रित रहेको छ । यस अनुसन्धानको प्राप्तिलाई सामुदायिक विद्यालय, वि.व्य.स., प्र.अ., शिक्षाविद्व तथा योजनाकारको सहयोगमा लक्ष्यित समुदायका वालवालिकाको शैक्षिक सहभागिता स्तरमा सुधार ल्याउने अपेक्षा गरिएको छ । यस अध्ययनको निष्कर्षलाई देशभरकै सामान्यीकरण गर्न सकिदैन ।

यस अध्ययनका लागि मानवीय साधन, श्रोत, आर्थिक श्रोत, क्षेत्र, उद्देश्य, विधि आदिका साथै समायावधिले गर्दा निम्नानुसारको सीमाङ्कन गरिएको छ :-

(क) यस अध्ययनलाई झापा जिल्ला दुर्गापुर श्रोतकेन्द्र अन्तरगतका फूलबारी उ.मा.वि. चकचकी , जनविकास नि.मा.वि. चकचकी र गौरीशङ्कर उ.मा.वि डाँगिवारी तथा हल्दिवारी श्रोतकेन्द्र अन्तरगतका पशुपति उ.मा.वि.राजगढ, भगवती नि.मा.वि.राजगढ र अमृत नि.मा.वि.राजगढमा अध्ययन सीमित गरिएको छ । यी विद्यालयहरुमा अध्ययन गर्ने सम्पूर्ण पिछडावर्गका वालवालिकाहरु अध्ययनको जनसंख्या हुन् । यी विद्यालयहरुमा अध्ययन गर्ने ३/३ जना लक्षित विद्यार्थीलाई यस अध्ययनको नमूनाको रुपमा छनौट गरिएको छ ।

(ख) यस अध्ययनमा पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता अध्ययनमा सोध सीमित गरिने छ । शैक्षिक सहभागिता अन्तरगतका भर्नादर, कक्षा दोहोऱ्याउने दर, उत्तीर्णदर, विद्यालय छोड्ने दर र छात्रा सहभागितामा अध्ययन गरिएको छ ।

(ग) माथि उल्लेखित दुई श्रोतकेन्द्रका श्रोतव्यक्ति, सामुदायिक विद्यालयका प्रधानाध्यापक, वि.ब्य.स.अध्यक्ष र दुई–दुई शिक्षक र अभिभावकलाई अध्ययनको उत्तरदाताको रुपमा लिइएको छ । तथ्यङ्क संकलन गर्न प्रश्नावली तथा अन्तरवार्ता विधिको प्रयोग गरिएको छ ।

(घ) सामुदायिक विद्यालयका निम्न माध्यमिक तहका पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता बारेमा मात्र अध्ययन सीमित गरिएको छ ।

(ङ) वि. सं. २०७०, २०७१ र २०७२ का तथ्याङ्कहरु लाई आधार मानी अध्ययन गरिएको छ ।

# परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

कुनै पनि खोज तथा अनुसन्धानलाई व्यवस्थित रुपमा सञ्चालन गरी सही निर्ष्कष निकाल्न सम्बन्धित क्षेत्रमा गरेका यस्ता अध्ययन तथा सामाग्रीहरुले थप आधार प्रदान गर्दछ । शैक्षिक जगतमा समय सममममा धेरै खोज तथा अनुसन्धान भएको पाइन्छ । विशेष गरी समाजमा देखिने शैक्षिक समस्यालाई अध्ययन अनुसन्धान हुने गरेको पाइएको छ । सामुदायिक विद्यालयमा पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता अनुसन्धानमा यससँग सम्बन्धित साहित्य पुनरावलोकन गरिएको छ । शिक्षाको क्षेत्रमा विभिन्न कालखण्डमा विभिन्न तरिकाले धेरै खोज तथा अनुसन्धान भएका पाइन्छन् । विषेश गरी समाजमा प्रशस्त मात्रमा देखा परेका शैक्षिक समस्याहरुलाई उठाएर अनुसन्धान गरेको पाइन्छ । यस परिच्छेदमा सम्बन्धित साहित्यको पुनरावलोकन, सैद्धान्तिक खाका र पुनरावलोकनको शैक्षिक उपादेयता प्रस्तुत गरिएको छ ।

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

यहाँ यस अनुसन्धान सँग सम्वन्धित लेख, रचना, शोधपत्र, जर्नल, अनुसन्धान प्रतिवेदनको पुनरावलोकन गरिएको छ । यस अनुसन्धनात्मक कार्यमा एउटा समाजको निकै ठूलो हिस्सा ओगटेको तर नेपालमा विभिन्न तहमा आफ्नो पहुँच पुऱ्याउन नसकेको, शैक्षिक रुपमा पिछाडिएका पिछडावर्गको बारेमा अनुसन्धान गरिएको छ । यस सन्दर्भमा नेपालको शैक्षिक क्षेत्रका कमै शिक्षाविद्हरुको ध्यान आकर्षण भएकोले होला थोरै मात्रामा लेख, कृति, शोधपत्र, जर्नलहरु प्रकाशित भएका छन् । ती कमै श्रोत र साधनहरुलाई समेटी यस अनुसन्धानसँग सम्बन्धित साहित्यको रुपमा पुनरावलोकन गरी शोधकार्य अगाडि बढाइएको छ ।

मन्नु (२०६७) ले पिछडावर्गमा सूचीकृत गर्न सकिने जातजातहरुको सूची तयार गर्न तथा उनीहरुको हकहितकालागि कार्य गर्ने संस्थालाई सुझाव दिन पिछडावर्ग प्रतिवेदन प्रस्तुत गरेका छन् । पिछडावर्ग अभियान यस प्रतिवेदनले शैक्षिक तथा सामाजिक रपमा पछि परेका वा पारिएका यी वर्गको अवस्थामा सुधारकालागि कुन कुन क्षेत्रबाट के कस्ता प्रयासहरु गरिनुपर्छ र ती कदमहरुबाट पिछडावर्गका हकहितका साथै शैक्षिक जागरणमा पनि आवश्यक सुधार गर्नु पर्ने निष्कर्ष प्रतिवेदनले निकालेको छ । यस प्रतिवेदनले पिछडावर्ग समुदायको खोजी गर्न अनुसन्धान गर्नुपर्ने, दलित र जनजातीमा नपरेका कमजोर

वर्गलाई पिछडावर्गमा सूचीकृत गर्नुपर्ने पिछडावर्गका मानिसहरुको आर्थिक अवस्था बृद्धि गर्नुपर्ने र राज्यको मूल प्रवाहमा ल्याउनु पर्ने सुझावहरु दिएको छ ।

यो पिछडावर्ग प्रतिवेदनले यस भित्र पर्ने जातजातिहरु खोजी गरी सूचीकृत गर्ने तथा उनीहरुको आर्थिक तथा राजनीतिक हकहितकालागि कार्य गर्नुपर्ने सुझाव प्रस्तुत गरे पनि पिछडावर्गका बालबालिकाहरुको शैक्षिक सहभागिताका सवालमा देखिएका समस्याहरु तथा ती समस्या समाधान गरी सहभागिता सुनिश्चित गर्ने उपायहरु स्पष्ट व्याख्या नगरेकाले यो अध्ययन गरिएको हो ।

आचार्य (२०६६) का अनुसार सरकारले अपाङ्गहरुका लागि आवासीय विद्यालयको माध्यमबाट शिक्षामा पहुँच बृद्धि गर्ने लक्ष्य लिएको छ । तर ग्रामीण क्षेत्रमा बसोबास गर्ने अपाङ्गहरु र उनीहरुका अभिभावकहरुको लागि पर्याप्त सूचनाको अभावमा त्यस्ता आवासीय विद्यालयको जानकारी नभएको देखिन्छ । यसका साथै आवासीय विद्यालयमा सीमित आवासीय क्षमता भएको कारण जानकारी भएका सबैको भर्ना कठिन भएको पनि देखिन्छ । भर्ना भएका विद्यार्थीहरुमा अध्ययन गर्ने कार्यमा नियमित हुने र उनीहरुको शैक्षिक स्तरमा सुधार आएको देखिन्छ । अपाङ्गको सीप विकासमा समेत आवासीय व्यवस्थापनबाट उचित फाइदा पुगेको यस अनुसन्धानको निष्कर्ष छ ।

शारीरिक रुपमा अपाङ्गता भएका बालबालिकाहरुको शैक्षिक सहभागिता तथा सीप विकास र क्षमता विकासमा यो अनुसन्धान केन्द्रित भएको तर पिछडावर्गको शैक्षिक सहभागिताबारे मौन रहेकाले पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता बृद्धि गर्न यो अनुसन्धान गरिएको हो ।

स्थानीय मन्त्रालय (२०६७) अनुसार नेपालमा रहेका सामाजिक, आर्थिक, राजनैतिक रुपमा पछि पारिएका एवं जनजाति तथा आदिवासीको सूची भित्र सूचीकृत नगरिएको जनजातिको सामाजिकीकरणका निम्ति अधिकार तथा चेतना दिन स्थानीयरुपमा तिनीहरुको उचित व्यवस्थापन गर्न र उनीहरुलाई स्वालम्वी एवं आत्मनिर्भर बनाउने उद्देश्यले गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि २०६७ तयार गरी नेपाल सरकार स्थानीय मन्त्रालयबाट कार्यान्वयनमा ल्याई पिछडावर्गको पहिचान गरी प्रत्येक गा.वि.स.ले स्थानीय निकायमा अन्य जातजाति सो सरह एकरुपता एवं उनीहरुका लागि ठोस कार्यक्रम ल्याइ उनीहरुको पहिचान गरी आर्थिक एवं सामाजिक स्तर सुधारका लागि

आवश्यक पहल कदमी गर्दै सामाजिकीकरण गर्ने प्रयास स्वरुप यो कार्यविधि जारी गरेको छ । मानवीय सभ्यताको शुरुवात सँगसँगै सामाजिकीकरणमा पिछाडि पारिएका जनजातिको आजसम्म कमै मात्रमा खोजअनुसन्धान भएका छन् । नेपाल सरकारले पहिलो प्रयास स्वरुप राजनैतिक रुपमा पिछडावर्ग सम्बन्धी लिखित लेख, प्रकाशन तथा पुस्तिकाहरुको बारेमा चर्चा तथा विवेचना गरी आर्थिकरुपमा उनीहरुलाई ससक्त बनाउने प्रयास गरेको छ । सामाजिक रुपान्तरण गर्न, शैक्षिक चेतना अभिबृद्धि गर्न, राजनैतिक अधिकार प्रत्यायोजन गर्न तथा आर्थिकरुपमा आत्मनिर्भर बनाउने उद्देश्यले गाउँ विकास अनुदान कार्य विधि तयार गरिए पनि यसले पिछडावगको शैक्षिक सहभागिता बृद्धि गर्ने उपायहरुबारे कुनै सुझाव नदिएकाले यो अनुसन्धान गरिएको छ ।

ओविसी महासंघ (२०६७) ले मधेशी , पिछडावर्ग र मुस्लिम उत्थान कार्यक्रमलाई निरन्तरता दिँदै राजनैतिक, आर्थिक अधिकार तथा अवसरबाट वाञ्चित पारिएका यी समुदायको लागि लक्षित कार्यक्रम सञ्चालन, कानूनी चेतना अभिवृद्धि, रोजगारमूलक, प्राविधिक शिक्षा र बजारको माग अनुरुप उद्यम तथा सीप विकास, लक्ष्यित पूर्वाधारको निर्माण, उद्यम प्रवर्द्धन, व्यवसायिक कृषि कार्यक्रकमहरु सञ्चालन गर्नु पर्ने निष्कर्ष निकालेको छ । यसका साथै यस समुदायका महिलालाई आफ्नो हक अधिकारको उपयोग गर्न सक्ने र प्रतिस्पर्धी बनाउन क्षमता अभिवृद्धि, समुदाय लक्ष्यित छात्रवृत्ति तथा प्रोत्साहन सहितको शिक्षा कार्यक्रम सञ्चालन गर्नु पर्ने सुझाव प्रस्तुत गरिएको छ । यसै गरी विद्यमान संस्कृतिक धरोहरको संरक्षण र सम्वर्धन गरी पर्यटन क्षेत्रको विकास, सामाजिक परिचालनका माध्ययमबाट समुदायको कला, संस्कृति तथा सम्पदाको संरक्षण तथा सम्वर्धन र यी समुदाय भित्र रहेका विभेदहरु तथा विकृतिहरु हटाउन विभिन्न चेतनामूलक कार्यक्रमहरु सहभागितमूलक तरिकाले सञ्चालन गरी यी समुदायका समस्या समाधान गर्न सकिने निष्कर्ष निकालिएको छ ।

यस लेखमा पिछडावर्ग तथा मुस्लिम समुदाय उत्थानका लागि विषेश जोड दिइएको छ । राजनीतिक, आर्थिक विकासका लागि लक्ष्यित कार्यक्रम संचालन गर्न जोड दिइएको छ । कानूनी चेतना अभिबृद्धि गर्ने, प्राविधिक शिक्षा तथा सीप विकासमा महत्व दिइए पनि

विषेशत पिछडावर्ग समुदायका विद्यार्थीहरुको शैक्षिक सहभागिता अभिबृद्धि गर्न अनुसन्धान नगरिएकाले यस बारे विस्तृत अध्ययन तथा सुझाव प्रस्तुत गरिएको छ ।

चौधरी (२०६५) ले तयार पारेको मधेशी दलित विद्यार्थीहरुले प्राथमिक तह पूरा नगरी बीचैमा कक्षा छाड्नका कारणहरुको अध्ययन सोध पत्रमा मधेशी दलित विद्यार्थीहरुको भर्ना स्थिति, बीचैमा पढाइ छाड्नुका कारणहरु तथा समाधानका उपायहरुको खोजी गर्ने उद्देश्य राखिएको छ । यस सोध कबार्यमा मधेशी दलित विद्यार्थीहरुको विद्यालयमा सहभागिता न्यून भएको, नियमिततामा कमी रहेको तथा विद्यालय छाड्ने दर उच्च रहेको छ । मधेशी दलित अभिभावकहरुको साक्षरता अवस्था ज्यादै न्यून रहेको छ । घरायसी काममा बालबालिकाहरुको प्रयोग हुनु, शिक्षा प्रति अभिभावक उदासिन हुनु, कमजोर आर्थिक अवस्था, वेराजगारी आदि समस्याका कारण विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्छन् । यो समस्या समाधान गर्न सो समुदायमा चेतनामूलक कार्यक्रम सञ्चालन, समान व्यवहार, छात्रवृत्ति प्रदान, अभिभावक शिक्षा तथा तालिम, उद्धार कक्षान्नोती, अतिरिक्त समय शिक्षण आदि जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्ने सुझाव दिइएको छ ।

यस सोध कार्य विषेश गरी मधेशी दलित विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने कारणहरु तथा त्यसको समाधानको खोजीमा रहेको तर पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता न्यून हुनुका कारणहरु तथा सो समस्या समाधान प्रति मौन रहेका कारण यो अध्ययन गरिएको छ ।

नेपाल अपाङ्ग मानवअधिकार केन्द्र (२०६३) अनुसार वर्तमान समयमा शिक्षा पाएका व्यक्ति, शिक्षित परिवार, छरछिमेकी र समुदायका मानिसमा केही हदसम्म परिवर्तन आएको छ । उनीहरुको अपाङ्गप्रतिको सोचविचारमा परिवर्तन भएको पाइन्छ । अपाङ्ग व्यक्तिहरुले उदाहरणीय कार्य गरेर देखाएपछि उनीहरुप्रतिको व्यवहारमा केही सकारात्मक परिवर्तन आएको निष्कर्ष निकालिएको छ । समग्रमा राष्ट्रले अपाङ्गहरुलाई समान दृष्टिले हेर्ने र उनीहरुलाई सम्मान र स्वाभिमानपूर्वक बाँच्ने वातावरणको सिर्जना गर्नुपर्छ । उनीहरुको सम्मानपूर्ण जीवनका लागि शिक्षा, स्वास्थ्य, रोजगार, र विभिन्न स्थानमा पहुँचका लागि राज्यले उचित स्थान दिइनु पर्ने सुझाव प्रस्तुत गरिएको छ । सार्वजनिक स्थल, विद्यालय, सरकारी कार्यालयमा अपाङ्गहरुलाई हेर्ने दृष्टिकोणमा व्यक्ति-व्यक्ति, घरपरिवार र समाजमा परिवर्तन ल्याउनु पर्दछ भन्ने निष्कर्ष यस लेखको रहेको छ ।

यस लेखले अपाङ्ग प्रतिको हेराइमा आउनु पर्ने परिवर्तन, त्यसका लागि सिर्जना गर्नुपर्ने वातावरण तथा सम्मान पूर्वक बाँच्नका लागि आवश्यक सुझावहरु प्रस्तुत गरे पनि पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता मौन रहेकाले यो अनुसन्धान गरिएको छ ।

दीक्षित (२०६८) अनुसार पिछडावर्गको माग उनीहरुको जायज हकहितसँग सम्बन्धित छन् । मुलुक जहाँबाट सञ्चालित हुन्छ त्यहाँ उनीहरुले पनि पुग्न पाउनु पर्ने उनीहरुको आशा र दृढता छ । संख्यामा उनीहरु कमजोर नभए पनि शिक्षा र सामाजिक स्तरमा, आर्थिक र राजनैतिक तौरमा उनीहरु कमजोर छन् भन्ने निष्कर्ष निकालिएको छ । यही स्थितिको अन्त्य उनीहरु चाहन्छन् र यसमा सबै सचेत शिक्षित र राजनीतिक व्यक्तित्वहरुले उनीहरुलाई साथ दिनै पर्छ नत्र मुलुक कमजोर हुन्छ । अब दलित, जनजाति, महिला र अन्य सबै अहिलेसम्म दबिएकाहरुलाई जस्तै पिछडावर्गलाई पनि बलियो र सक्षम बनाउनु पर्ने सुझाव प्रस्तुत गरिएको छ ।

यसले पिछडावर्ग तथा दलितहरुको शैक्षिक, आर्थिक, राजनीतिक तथा सामाजिक अवस्थामा सुधार ल्याउनु पर्ने, सचेतीकरण अभियान चलाउनु पर्ने, आरक्षणको व्यवस्था गर्नुपर्ने, आर्थिक सक्षमता विकास गर्नुपर्ने आदि सुझाव प्रस्तुत गरेपनि पिछडावर्गका विद्यार्थीको शैक्षिक सहभागिता बढाउने उपायहरु नसुल्झाएका कारण यो अध्ययन गरिएको हो ।

गुरागाई (२०७१) अनुसार पिछडावर्गका मानिसहरुको सामाजिक अवस्था पत्ता लगाउने उद्देश्यका साथ तयार गरिएको अनुसन्धानमा विछडावर्गका मानिसहरुको व्यक्तित्व विकासका लागि आधारभूत सेवा, सुविधा र अवसर उपलब्ध गराउनु पर्ने निष्कर्ष निकाल्लिएको छ । वर्तमान अवस्थामा पिछडावर्गको सामाजिक तथा शैक्षिक क्षेत्रमा सुधार तथा उन्नति गर्न सामुदायिक विद्यालयमा पहुँच बढाउनु पर्ने, सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्नुपर्ने, शिक्षक, विद्यार्थी तथा अभिभावकहरु बीच सम्बन्ध सुमधुर बनाउनु पर्ने, शैक्षिक छात्रवृत्ति प्रदान गर्नुपर्ने र आरक्षणको व्यवस्था गरी राज्यमा समतामूलक सहभागिता गर्नुपर्ने सुझाव दिइएको छ । सामुदायिक विद्यालयमा विछडावर्गका बालबालिकाकाहरुका लागि हाल प्रदान गरिएको छात्रवृत्तिमा मात्र सीमित नबनाई सामाजिक र आर्थिक दृष्टिकोणले ती विछडावर्गका बालबालिकाका लागि राज्यले प्रभावकारी व्यवस्थापन गर्नुपर्ने निष्कर्ष निकाल्लिएको छ ।

यस सोध कार्यले पिछडावर्गको आर्थिक, राजनीतिक तथा सामाजिक अवस्थामा सुधार ल्याउनु पर्ने, छात्रवृत्ति प्रदान गर्नुपर्ने, जचेतना अभियान चलाउनु पर्ने, आरक्षणको व्यवस्था गर्नुपर्ने, आर्थिक सक्षमता विकास गर्नुपर्ने आदि सुझाव प्रस्तुत गरे पनि पिछडावर्गका विद्यार्थीको शैक्षिक सहभागिता बढाउने उपायहरु प्रस्तुत नगरेका कारण यो अध्ययन गरिएको छ ।

बराल (२०७१) ले संस्थागत विद्यालयमा पिछडावर्गका बालबालिकाको विषयगत उपलब्धी बारे जानकारी लिने उद्देश्यले तयार गरिएको सोध कार्यमा भर्नाको समयमा विज्ञापन तथा पत्र पत्रिकाको बढी प्रयोगले विद्यालयमा धेरै संख्यामा यस समुदायका बालवालिकाहरु भर्ना हुन आए पनि विविध घरायसी बाध्यता तथा अत्यधिक व्यस्तताका कारण पिछडावर्गका बालबालिकाहरुको शैक्षिक उपलब्धि सन्तोषजनक नभएको वा न्यून रहेको निष्कर्ष निकालिएको छ । आगामी बन्ने संविधानमा पिछडा समुदायको हकहितलाई संवोधन गर्दै उनीहरुको आर्थिक विकासमा जोड दिइ संस्थागत विद्यालयले पूर्ण छात्रवृत्ति उपलब्ध गराउनु पर्ने सुझाव प्रदान गरिएको छ ।

यस अनुसन्धानमा संस्थागत विद्यालयमा पिछडावर्गका वालबालिकाको विषयगत उपलब्धि न्यून हुनुका कारण तथा विषयगत उपलब्धता बृद्धि गर्ने उपायहरुको बारेमा सुझावहरु प्रस्तुत गरिए पनि पिछडावर्गका वालबालिकाहरुको शैक्षिक अवस्था, शैक्षिक सहभागितामा न्यूनताका कारणहरु तथा यस वर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता बढाउने उपायहरुबारे खोज नगरिएकाले यो अध्ययन गरिएको हो ।

महतो (ई.सं.२००७) ले पिछडावर्गलाई प्रदान गरिने आरक्षणका प्रकारहरुको बारेमा गरिएको अनुसन्धानको प्रमुख उद्देश्य पिछडावर्गका मानिसहरुको सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, जनसांख्यिक आदि अवस्थाको अध्ययन गर्ने तथा यस वर्गकबो आरक्षणको लागि नीति निर्माण गर्ने रहेको छ । यस अनुसन्धानले पिछडावर्गका मानिसको सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक आदि अवस्था अत्यन्त दयनीय भएको तथा राज्यले कुनै पनि क्षेत्रमा आरक्षणको व्यवस्था नगरेको निष्कर्ष निकालेको छ । यसैगरी यो अनुसन्धानले पिछडावर्गको शिक्षामा पहुँच बढाउनु पर्ने, राज्यका हरेक निकायमा समतामूलक सहभागिता गराउनु पर्ने, रोजगारीमा आरक्षण, प्रतिशतको आधारमा आरक्षण दिनु पर्ने, निजी क्षेत्रमा आरक्षण दिनु पर्ने, शिक्षामा आरक्षण दिनु पर्ने, राजनीतिमा आरक्षण

दिनुपर्ने, आर्थिक विकासका लागि कृषिमा आरक्षण दिनुपर्ने तथा पिछडावर्गका महिलालाई विशेष आरक्षणको व्यवस्था गर्नुपर्ने सुझाव प्रस्तुत गरिएको छ ।

माथिका सोधपत्र, लेख, पुस्तक तथा पत्रिकाको अध्ययन गर्दा पिछडावर्गका हकहित आरक्षण, आर्थिक, सामाजिक, राजनीतिक आदि पक्षको बारेमा अध्ययन अनुसन्धान भएको पाइयो । संस्थागत विद्यलायको शैक्षिक उपलब्धि तथा समाजशास्त्रीय अध्ययन भएता पनि पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता बढाउन आइपर्ने समस्याहरु, ती समस्या हटाउने उपायहरु वा पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता बढाउने तरिकाहरु आदि बारेको विस्तृत अध्ययन नभएकाले यो अध्ययन गरिएको छ । पिछडावर्गको मूल समस्याको रुपमा रहेको शैक्षिक सहभागितामा देखिएका समस्या र समाधानको खोजीका बारेमा यस अघि अनुसन्धान नभएकाले यो अध्ययन गरिएको हो । यस अध्ययन कार्यबाट तोकिएको क्षेत्र भित्र बसोबास गर्ने पिछडावर्गहरुले अन्य वर्ग सो सरह आफ्ना वालवालिकाको शैक्षिक विकासका लागि तुलनात्मक रुपमा विद्यालय शिक्षाको अवसर अधिकमात्रामा प्रयोग गरी आफ्नो ज्ञान , सीप र क्षमता अभिवृद्धि गर्न प्रयत्नशील हुने आशा तथा विश्वास गरिन्छ ।

## २.२ सैद्धान्तिक खाका

कुनैपनि खोज तथा अनुसन्धान कुनै न कुनै कुरामा आधारित हुन्छ । अनुसन्धनात्मक कार्य जुन तथ्यमा आधारित भएर अघि बढाइन्छ वा त्यो खोजका उद्देश्य पूरा गर्नका लागि जुन तथ्यमा आधारित रहिन्छ त्यो नै सिद्धान्त हो । यस अनुसन्धानका लागि मायो (ई.सं. १९३२) को मानव सम्वन्ध सिद्धान्त र मास्लो (ई.सं. १९५६) को आवश्यकता सिद्धान्तको आधारभूत मान्यतालाई प्रयोग गरिएको छ । पिछडावर्गको विद्यार्थीहरुको शैक्षिक सहभागिताको अवस्था सम्बन्धी यस अनुसन्धानबाट उपलब्ध जानकारी एवम् तथ्यलाई विश्लेषण गर्न यो सिद्धान्तको वैचारिक खाकाको प्रयोग गरिएको छ ।

मायो (ई. सं. १९३२) को  मानव सम्वन्ध सिद्धान्तलाई यस अध्ययनको सैद्धान्तिक खाकाको रुपमा लिइएकोछ । यस सिद्धान्त अनुसार मानव सम्वन्ध भनेको व्यवस्थापक र कामदारको अन्तरक्रियामा निर्भर हुने कुरा उल्लेख गरिएको छ । यस अध्ययनमा पिछडावर्गका मानिसहरुले आफ्ना बालबालिकाहरु विद्यालय पठाउँदा विद्यालयका जिम्मेवार

पक्षहरु विद्यालय प्रशासन, शिक्षक, वि. व्या. स., सरोकारवाला आदि पनि कुशल व्यवस्थापकका रुपमा रहने हुनाले यो सिद्धान्तको खाकालाई यस अध्ययनकार्यमा जोडिएको छ । पढाउने व्यक्ति पनि व्यवस्थापनको एक अङ्ग भएकाले समुह सञ्चालन, नेतृत्व, उत्प्रेरणा, सहभागिता, सञ्चार र व्यक्तित्व जस्ता मानवीय व्यवहारले सही दिशावोध गरेर पिछडावर्गका बालबालिकाहरुको शैक्षिक सहभागितामा  सुधार ल्याउन मद्दत गर्ने कुराको विश्वास गरिएको छ ।

शैक्षिक सहभागिताका लागि पिछडावर्गका मानिसहरुले आफ्ना बालबालिकाहरु विद्यालय पठाउँदा विद्यालयका व्यवस्थापकीय पक्षहरु विद्यालय प्रशासन, शिक्षक, वि. व्या. स., सरोकारवाला, समाजसेवी आदि कुशल व्यवस्थापकका रुपमा रहने तथा विछडावर्गका बालबालिकाहरु सेवग्राही हुने तथा मायोको मानव सम्वन्ध सिद्धान्तमा पनि व्यवस्थापक र कामदारको सम्वन्ध अन्तरक्रियामा निर्भर हुने उल्लेख भएको हुनाले मायोको मानव सम्वन्ध सिद्धान्तको खाकालाई यस अध्ययनकार्यमा जोड्न खोडिएको छ ।

मास्लो (ई.स. १९५६) का अनुसार मानिसका प्रसस्तै इच्छा, चाहाना र आवश्यकताहरु हुन्छन् ती चाहाना तथा आवश्यकताहरु आधारभूत हुँदै क्रमशः माथिल्लो अवस्था सम्मका हुन्छन् । मानिसका आधारभूत आवश्यकता परिपूर्ति पश्चात् मात्र त्यो भन्दा माथिका आवश्यकताहरु पूरा गर्ने तर्फ अगाडि बढ्दछ । मानिसका कुनै चाहाना पूरा हुन सक्छन् तर आवश्यकता र चाहानाको पूर्णता भने कहिल्यै हुँदैन जुन प्राप्तिका लागि मानिस सधै उत्प्रेरित हुने गर्दछ । मानिसका अप्राप्त चाहानाहरु पनि प्रसस्तै हुन्छन् जसलाई एक निश्चित क्रमबद्धताका आधारमा छुट्याउन सकिन्छ । निम्न स्तरका धेरै आवश्यकताहरुको परिपूर्ति पश्चात मात्रै प्राथमिकताको आारमा उच्चस्तरका आधारमा परिपूर्तिका लागि मानिस उत्प्रेरित हुँदै जान्छ (काफ्ले, २०६४) ।

मास्लोको आवश्यकताको श्रृखला जस्तै पिछडावर्गका मानिसहरु पनि प्रसस्तै इच्छा, चाहना र आवश्यकताहरु हुन्छन् । खाना, वास र कपडा जस्ता आधारभूत आवश्यकताहरुको परिपूर्ति पश्चात् मात्र शैक्षिक सहभागिता, स्वास्थ्य र संरक्षणका कुराहरु आउने भएकाले पिछडावर्गका मानिसहरुले पहिलो प्राथमिकता गाँस, वास, कवासलाई दिएर त्यस पछिमात्र आफ्ना बालबालिकालाई शैक्षिक सहभागिता तर्फ डोऱ्याउने भएकाले मास्लोको आवश्यकताको सिद्धान्तको खाकालाई पनि यस अनुसन्धान कार्यसँग जोडिएको छ ।

## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

अनुसन्धानात्मक कार्यलाई खोजमुलक र अन्वेषणात्मक बनाउनका लागि पहिले नै प्रकाशित वा अप्रकाशित किताब, लेख, पत्रपत्रिका, शोध, जर्नल, आर्टिकल आदिको अध्ययन गर्न अत्यवश्यक हुन्छ । माथि उल्लेखित साहित्य पुनरावलोकनले अगाडि बढाइने अनुसन्धान कार्यलाई निष्कर्ष निकाल्न सहयोग गर्नुका साथै मार्ग निर्देशन प्राप्त भएको हुन्छ । यी साहित्यले अनुसन्धान कार्यलाई सु सम्पन्न गर्न बलियो आधार प्रदान गरेको छ । अनुसन्धानका लागि पुर्व साहित्य समीक्षा तथा सैद्धान्तिक खाकाले तथ्यगत रुपमा शोधकार्यलाई ठोस निष्कर्षमा पुऱ्याएको छ । आज सम्म भएका उपलब्धिहरुको पहिचान गरी अध्ययन कार्यलाई अझ सजिलो बनाई थप उद्देश्यमूलक बनाउन पूर्व साहित्य समीक्षाले टेवा पुऱ्याउने भएकाले यसको शैक्षिक उपादेयता रहेको पुष्टि हुन्छ ।

पिछडावर्गका बालबालिकाहरुका लागि विद्यालयहरुले शिक्षा प्राप्त गर्ने अवसर दिएको देखिनुका साथै विद्यालयले शिक्षामा पहुँच बढाउनु तथा परिवारमा रहेका बालबालिकाहरुलाई अभिभावकहरुले विना भेदभाव विद्यालयमा अध्ययन गर्न पठाउनु हुनेछ । पिछडावर्ग प्रतिको उत्तरदायित्व नेपाल सरकारले पनि पूरा गर्नेछ । शिक्षासँग सम्बद्ध पक्षहरु (शिक्षा मन्त्रालय, बिभाग, जि.शि.का., श्रोतकेन्द्र, विद्यालय) लाई यस अध्ययनले पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरु समाधान गरी आगामी दिनमा विशेष कार्यक्रमको योजना र व्यवस्थापनलाई प्रभावकारी ढङ्गले संचालन गर्न तथा पिछडावर्गका विद्यार्थीहरुका शिक्षामा पहुँच विस्तार गर्न यस अध्ययनकार्यले सहयोग गर्छ ।

# परिच्छेद तीन : अध्ययन विधि

अध्ययन तथा अनुसन्धान एक जटिल एवम् महत्वपूर्ण कार्य हो । यसले कुनै पनि समस्याको बारेमा जानकारी लिई निष्कर्षमा पुग्न मद्दत गर्दछ । अनुसन्धान एक औपचारिक र योजनाबद्ध खोजीकार्य हो , जसअन्तर्गत अनुसन्धानकर्ताले योजनाबद्ध र नियन्त्रित विधिहरु प्रयोग गरेर पूर्वरुपमा स्थापित कुनै दुई वा दुईभन्दा बढी तथ्य अथवा सिद्धान्तहरुबीच सम्बन्ध स्थापना गरेर नयाँ तथ्य अथवा सिद्धान्तहरुको खोजी गर्दछ । कुनै पनि अनुसन्धनात्मक कार्य अधि बढाउन निश्चित विधि पद्धति अवलम्बन गर्नु पर्दछ । यस परिच्छेदमा अनुसन्धानको ढाँचा, अध्ययनको जनसंख्या र नमूना छनौट, अध्ययनका साधनहरु, तथ्याङ्कको स्रोत, तथ्याङ्क संकलन विधि, तथ्याङ्क अध्ययन तथा विश्लेषण विधि प्रस्तुत गरिएको छ ।

## ३.१ अनुसन्धानको ढाँचा

सोधकार्यलाई तथ्यपरक, स्तरीय र जानकारीमूलक बनाउन निश्चित अनुसन्धान ढाँचा अवलम्बन गरिन्छ । अनुसन्धान ढाँचाको उचित चयन र त्यसको सही प्रयोगले मात्र सही निष्कर्ष निकाल्न सकिन्छ । यो अनुसन्धान गुणात्मक अनुसन्धानमा आधारित रहेको छ । शैक्षिक पक्षसँग जोडिएका वा सम्बन्धित केही संख्यात्मक तथ्याङ्क बाहेक पिछडावर्गका विद्याथीहरुको शैक्षिक सहभागिता सम्बन्धी प्राथमिक र द्वितीय तथ्याङ्कलाई आधार मानी वर्णनात्मक रुपमा व्याख्या र विश्लेषण गरिने हुँदा अध्ययनको अनुसन्धानात्मक ढाँचा गुणात्मक र परिमाणात्मक मिश्रित पद्धतिमा आधारित छ ।

झापा जिल्लाको २ वटा स्रोतकेन्द्र भित्रका वालवालिकाहरुको शैक्षिक स्तरमा सघाउ पुऱ्याउँदै आएका तीन/ तीन सामुदायिक विद्यालयहरुमा पिछडावर्गको विद्यार्थीहरुको शैक्षिक सहभागिता पहिचान गर्नु र शिक्षामा पहुँचको विश्लेषण गरी सुधारका लागि आवश्यक सुझाब दिनु यस अध्ययनको उद्देश्य हो । त्यसकारण यस अध्ययनको उद्देश्य पूरा गर्नाका लागि मिश्रित ढाँचामा आधारित व्याख्यात्मक र वर्णानात्मक अनुसन्धानको ढाँचाको प्रयोग गरिएको छ । अध्ययन ढाँचा छ वटा सामुदायिक विद्यालयहरुको तथ्याङ्कको गुणात्मक व्याख्यामा आधारित छ ।

यो अनुसन्धान गुणात्मक भए पनि तथ्याङ्क संकलन गर्दा गुणात्मक तथा परिमाणात्मक दुबैलाई समेटिएको छ । अनुसन्धानबाट प्राप्त तथ्याङ्कको गुणात्मक विश्लेषण गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या र नमूना छनौट

यो सोधकार्यलाई पूरा गर्नका लागि आवश्यक पर्ने जनसंख्या र सो जनसंख्याबाट उपयुक्त विधि अपनाएर नमूना छनौट गरिएको छ । अध्ययन अनुसन्धान गर्दा समस्याको पूरै भाग अध्ययन गर्न कठिन हुने भएकाले सबैको प्रतिनिधित्व हुने गरी नमूनाको छनौट गरी अध्ययन अनुसन्धान गरिएको छ । नमुना जनसंख्याबाट झिकिएको एक सानो समूह हो, जसले सम्पूर्ण जनसंख्याको अध्ययन र विश्लेषण गर्न असमर्थ हुने भएकाले आफ्नो अध्ययनका लागि सम्भव हुन सक्ने गरी जनसंख्याबाटै प्रतिनिधिमूलक केही एकाईको छनौट गरिएको हो । नमुनाको अध्ययनबाट प्राप्त नतिजाकै आधारमा त्यसको नतिजा सम्पूर्ण जनसंख्यामा पनि लागु हुन्छ भनी निष्कर्ष निकाल्न सकिन्छ । नमुना सङ्कलन गरी सम्पूर्ण जनसंख्याको अध्ययन गरिने यो विधि व्यवहारिक र उपयोगी छ । समग्र गुणको प्रतिनिधित्व हुने हुनाले नमूनाको आधारमा सम्पूर्णको अध्ययन गरिएको छ ।

यस अध्ययनका लागि झापा जिल्लाको २ श्रोतकेन्द्रमा रहेका सामुदायिक विद्यालयहरुमध्ये ३ /३ सामुदायिक विद्यालयहरुलाई लिइएको छ । ती विद्यालयहरुमा अध्ययन गर्ने पिछडावर्गका वालवालिकाहरु अध्ययनको जनसंख्या हुन् । यस अध्ययनमा झापा जिल्ला दुर्गापुर श्रोतकेन्द्र अन्तरगतका फूलबारी उ.मा.वि. चकचकी , जनविकास नि.मा.वि. चकचकी र गौरीशङ्कर उ.मा.वि डाँगिवारी तथा हल्दिवारी श्रोतकेन्द्र अन्तरगतका पशुपति उ.मा.वि.राजगढ, भगवती नि.मा.वि.राजगढ र अमृत नि.मा.वि.राजगढलाई सुविधायुक्त नमूना छनौटको आधारमा नमूनाको रुपमा लिइएको छ ।

प्रत्येक विद्यालयहरुबाट उद्देश्यपूर्ण नमुना छनौटका आधारमा स्रोतव्यक्ति, विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक २/२ जनालाई तथा छ वटा विद्यालयहरुबाट पर्ने गरी २/२ जना अभिभावक र ३/३ जना लक्षित विद्यार्थीलाई यस अध्ययनको नमूनाको रुपमा छनौट गरिएको छ ।

## ३.३ अध्ययनका साधनहरु

अनुसन्धान कार्यका लागि आवश्यक पर्ने तथ्याङ्कहरु प्राप्त गर्नका निम्ति स्रोतव्यक्ति, वि.व्य.स. अध्यक्ष, प्र.अ., शिक्षक, विद्यार्थी तथा अभिभावकका लागि प्रश्नावली, अन्तरवार्ता प्रश्नावली, सर्वेक्षण फारम, रुजुसूचीलाई अध्ययनको साधनको रुपमा प्रयोग गरिएको छ । जसका लागि खुल्ला प्रश्नावली, वन्द प्रश्नावली, अन्तर्वार्ता प्रश्नावली र रुजुसूची दुबै प्रयोग गरिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत

अनुसन्धानको क्रममा प्रयोग गरिने सूचना, तथ्याङ्क, जानकारी, तथा आंकडा नै तथ्याङ्क हुन् । तथ्याङ्क जहाँबाट प्राप्त गर्न सकिन्छ ती क्षेत्र नै तथ्याङ्कका स्रोतहरु हुन् । अनुसन्धानको प्रकृति अनुसार तथ्याङ्क प्राप्त हुने स्रोतहरु फरक फरक हुने गर्दछन् । यस अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्कको सङ्कलन गर्नाका लागि प्राथमिक श्रोतका रुपमा स्थलगत सर्वेक्षण प्रमुखरुपमा अपनाइएको छ । शोधकार्य सम्पन्न गर्नका लागि प्राथमिक र सहायक दुबै स्रोतहरुको प्रयोग गरिएको छ ।

क) प्राथमिक श्रोत

अनुसन्धान कर्ताले प्रथम पटक संकलन र प्रयोग गरेको तथ्याङ्क प्राथमिक श्रोत अन्तरगत पर्दछ । यस शोधकार्यको उद्देश्य पूरा गर्नका लागि प्राथमिक श्रोतकारुपमा तथ्याङ्क संकलन गर्न सामुदायिक विद्यालयको स्थलगत सर्वेक्षण गरिएको छ । जसबाट सामुदायिक विद्यालयमा पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता के कस्तो रहेको छ भन्ने कुराको यथार्थता पत्ता लगाइएको छ । त्यसमा नमुना छनौटमा परेका विद्यालयका स्रोतव्यक्ति, प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक, अभिभावक तथा विद्यार्थीसँग आवश्यक प्रश्न सोधी  प्रश्नावली, अन्तर्वाता प्रश्नावली, सर्वेक्षणफारम, रुजुसूची आदिको माध्यमबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ ।

ख) सहायक श्रोत

पूर्व प्रकाशित र संकलित तथ्याङ्कहरु सहायक तथ्याङ्क अन्तरगत पर्दछन् । तथ्याङ्क संकलन कार्यमा संघ-संस्थाका प्रतिवेदन, प्रकाशित पत्रपत्रिका तथ्यहरु, शोध, लेख, बुलेटिन, सम्वन्धित पुस्तकहरु र विभिन्न शैक्षिक सूचनाहरु सङ्कलन गरी तिनीहरुबाट आवश्यक सहायक तथ्याङ्कहरु सङ्कलन गरी सोको सहयोगमा शोध कार्य सम्पन्न गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

यस अनुसन्धानका लागि नमुना छनौट गरिसकेपछि अध्ययनको प्रकृति अनुसार तथ्याङ्कको सङ्कलन विधि निम्न अनुसार अपनाइयो ।

क) अन्तर्वाता प्रश्नावली : यस अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्न विद्यालयका स्रोतव्यक्ति, प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष तथा अभिभावकसँग छुट्टाछुट्टै मौखिक प्रश्नहरु सोधी खुल्ला अन्तर्वाता प्रश्नावलीको विधि प्रयोग गरियो ।

ख) प्रश्नावली : यस अनुसन्धान कार्यका लागि अन्य आवश्यक थप तथ्याङ्क सङ्कलन गर्न विद्यालयका स्रोतव्यक्ति, प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष तथा अभिभावकसँग छुट्टाछुट्टै खुल्ला तथा बन्द प्रश्नावलीका प्रयोग गरिएको छ ।

(ग) सर्वेक्षण फारम : यो सर्वेक्षण फारम प्रयोग गरी पिछडावर्गका विद्यार्थी विवरण, भर्ना विवरण, उत्तीर्ण दर, कक्षा दोहोऱ्याउने दर, विद्यालय छाड्ने दर, छात्रा सहभागिता, विद्यालयका शिक्षक तथा कर्मचारी विवरण, वि.व्य.स. विवरण, विद्यालय सर्वेक्षण फारम आदि बारे तथ्याङ्क संकलन गरियो ।

## ३.६ तथ्याङ्क अध्ययन तथा विश्लेषण विधि

तथ्याङ्क अध्ययन तथा विश्लेषण अनुसन्धान बकार्यको महत्वपूर्ण पक्ष हो । यस शोध कार्यमा विभिन्न माध्यमबाट प्राप्त गरिएका तथ्याङ्कहरुको अध्ययन गरी खोज कार्यमा विशेष सहयोग पुऱ्याउन आवश्यक पर्ने तथ्याङ्कहरुको गुणात्मक व्याख्या विश्लेषण गरिएको छ ।

नमूना छनौटमा परेका जनसंख्यासँग गरिएको अन्तरवार्ता, भराइएका प्रश्नावली, रुजुसूची फारम आदि जस्ता स्रोतबाट प्राप्त तथ्याङ्क तथा साहित्य पुनरावलोकन, कार्यलय अभिलेख जस्ता सहायक स्रोतबाट प्राप्त तथ्याङ्कलाई अध्ययनको उद्देश्य अनुसार विभिन्न समूहमा वर्गीकरण गरी व्याख्या विष्लेषण गरिएको छ । यसका अतिरिक्त संकलित तथ्याङ्कलाई तालिका, स्तम्भ चित्र आदिमा प्रस्तुतीकरण गरीसकेपछि तार्किकरुपमा स्प्रष्ट व्याख्या र विश्लेषण गरिएको छ। पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता अन्तरगत भर्नादर, कक्षा दोहोऱ्याउने दर, उत्तीर्णदर, विद्यालय छोड्ने दर र छात्रा सहभागिता तालिकामा प्रस्तुत गरिएको छ। यसलाई तथ्याङ्कशास्त्रीय विधि प्रयोग गरी प्रस्तुत गर्ने काम भएको छ। वर्गीकरण गरिएका तथ्याङ्कहरुलाई पूर्व स्थापित सिद्धान्त तथा साहित्यसँग जोडेर विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ।

# परिच्छेद चार : नतिजाको छलफल

यस परिच्छेदमा नमूना छनौटवाट प्राप्तभएका सम्पूर्ण तथ्य तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ जुन कुनैपनि खोज अनुसन्धान कार्यको अति महत्यपूर्ण पक्ष हो । स्थलगत सर्वेक्षण, प्रश्नावली, अन्तरवार्ता, रुजुसूची आदिवाट प्राप्त प्राथमिक तथ्याङ्क तथा विद्यालय अभिलेख, सम्बन्धित साहित्य पुनरावलोकन आदिवाट प्राप्त द्वितीय तथ्याङ्कहरुलाई चरणवद्धरुपमा राखी विश्लेषण गरिएको छ । पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता अन्तरगत पिछडावर्गका विद्यार्थी भर्नादर, कक्षा दोहोऱ्याउने दर, उत्तीर्णदर, विद्यालय छाड्नेदर, छात्रा सहभागिता आदिसँग सम्बन्धित छलफल, अन्तरवार्ता, प्रश्नावली आदिवाट प्राप्त तथ्याङ्कहरुलाई यस अनुसन्धानको उद्देश्यका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

## ४.१ पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिताको स्थिति

झापा जिल्लाका दुईवटा स्रोतकेन्द्र अन्तरगतका तीन/तीनवटा सामुदायिक विद्यालयका नि.मा.वि. तहमा अध्ययन गर्ने पिछडावर्ग विद्यार्थीहरु, सम्बन्धित विद्यालयका प्र.अ., स्रोतव्याक्ति, वि.व्य.स. अध्यक्ष, शिक्षक, अभिभावक आदिसँग भएको अन्तरवार्ता, प्रश्नावली, विद्यालय सर्वेक्षण, विद्यालय अभिलेख अध्ययन आदि मार्फत प्राप्तहुन आएका तथ्याङ्कलाई तालिकीकरण गरी चरणवद्ध व्याख्या विश्लेषण गुणात्मक पद्धतिवाट गरिएको छ । यहाँ नमूना छनौटमा परेका विद्यालयहरुमा नि.मा.वि. तहका विद्यार्थीहरुको भर्नादर, कक्षा दोहोऱ्याउनेदर, विद्यालय छोड्नेदर र छात्रा सहभागिता के कस्तो रहेको छ सो को व्याख्या विश्लेषण गरिएको छ ।

### ४.१.१ पिछडावर्गका विद्यार्थीहरुको भर्नादर

नमूना छनौटमा परेका विद्यालयहरुको स्थलगत सर्वेक्षणवाट प्राप्त विगत तीन वर्षको पिछडावर्गका विद्यार्थीहरुको भर्नादर निम्न अनुसार रहेको पाइयो :

तालिका १  कक्षा १ मा पिछडावर्गका विद्यार्थी भर्नादर

| विद्यालयको नाम | २०७० | | | २०७१ | | | २०७२ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल भर्ना | पिछडा वर्ग भर्ना | भर्नादर % | कुल भर्ना | पिछडा वर्ग भर्ना | भर्नादर % | कुल भर्ना | पिछडा वर्ग भर्ना | भर्नादर % |
| पशुपति उमावि | ३५ | ७ | २० | ४० | ८ | २० | २६ | ६ | २३ |
| भगवती निमावि | ५० | १३ | २६ | ६१ | २२ | ३६ | ५३ | २७ | ५१ |
| अमृत निमावि | ४० | ४ | १० | ५१ | ५ | १० | ३६ | ५ | १४ |
| फूलवारी उमावि | ६२ | ११ | १८ | ६५ | १७ | २६ | ६० | १२ | २० |
| गौरीशंकर उमावि | ५० | १५ | ३० | ५५ | २० | ४० | ४७ | १९ | ४० |
| जनविकास निमावि | ४२ | ५ | १२ | ४५ | ५ | ११ | ४२ | ४ | १० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

नमूना छनौटमा परेका विद्यालयहरु मध्ये पशुपति उ.मा.वि. मा वि.सं. २०७० सालमा कक्षा एकमा भर्ना भएका ३५ जना विद्यार्थीहरु मध्ये ७ जना पिछडावर्गका विद्यार्थी थिए । त्यहाँ २० प्रतिशत पिछडावर्गका विद्यार्थीहरु भर्नाभएको पाइयो । यसै गरी २०७१ सालमा ४० जना नयाँ भर्ना मध्ये ८ जना वा २० प्रतिशत पिछडावर्गका विद्यार्थीहरु भर्ना भए । यस्तै २०७२ सालमा भने २६ जना विद्यार्थीहरु मध्ये ६ जना वा २३ प्रतिशत पिछडावर्गका विद्यार्थीहरु भर्ना भएको पाइएको छ जुन भर्नादर न्यून मानिन्छ । यसैगरी भगवती नि.मा.वि.मा २०७० सालमा २६ प्रतिशत भर्नाभएका पिछडावर्गका विद्यार्थी संख्या बढेर २०७१ सालमा ३६ प्रतिशत पुग्न गएको छ । मुसलमान,यादव र मल्लाह समुदायको बाहुल्य रहेको यस विद्यालयमा २०७२ सालमा ५१ प्रतिशत पिछडावर्गका विद्यार्थीहरु भर्ना भएकाले यस क्षेत्रमा पिछडावर्गका विद्यार्थीहरुको  शैक्षिक सहभागिता सन्तोषजनक रहेको पाइयो ।

यसैगरी अमृत नि.मा.वि.मा २०७० सालमा र २०७१ सालमा १०/१० प्रतिशत पिछडावर्गका विद्यार्थीहरु भर्ना भएका थिए भने २०७२ सालमा यो भर्नादर बढेर १४ प्रतिशतमा पुगेको देखिन्छ। यस्तै फूलवारी उ.मा. वि. मा २०७० सालमा  १८ प्रतिशत

भर्ना भएका यस समुदायका विद्यार्थीहरु २०७१ सालमा वढेर २६ प्रतिशत भर्ना हुन पुगेका छन् । यसैगरी सो भर्नादर २०७२ सालमा कायम गर्न नसक्दा २० प्रतिशतमा सीमित रहन पुगेको छ जुन अत्यन्त न्यून हो ।

यसैगरी गौरीशंकर उ. मा. वि. मा भने पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता र भर्नादर अत्यन्त उच्च रहेको पाइयो । यहाँ २०७० सालमा ३० प्रतिशत भर्ना भएका पिछडावर्गका विद्यार्थीहरुको संख्या २०७१ सालमा बढेर ४० प्रतिशत भर्ना भएका छन् । यसैगरी २०७२ सालमा सो भर्नादर समान रुपमा ४० प्रतिशत कायम रहेको पाइयो । यता जनविकास नि. मा. वि. मा भने पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता र भर्नादर घट्दो दरमा रहेको पाइयो । यस विद्यालयमा २०७० सालमा २० प्रतिशत रहेको भर्नादर २०७१ सालमा घटेर ११ प्रतिशतमा पुगेको थियो भने २०७२ सालमा पुनः घटी १० प्रतिशत रहेको पाइयो ।

यसरी समग्रमा सम्पूर्ण जनसंख्याको १८ प्रतिशत जनसंख्या ओगटेका पिछडावर्गका विद्यार्थीहरुको विद्यालयमा भर्नादर सन्तोषजनक नभएको र न्यून रहेको पाइयो । कुनै कुनै विद्यालयमा १० प्रतिशत मात्र भर्नादर भएकाले यस समुदायमा भर्ना अभियान चलाएर सुधार गर्नुपर्ने नितान्त आवश्यक छ ।

### ४.१.२ पिछडावर्गका विद्यार्थीहरुको कक्षा दोहोर्‍याउने दर

नमूना छनौटमा परेका विद्यालयहरुको विद्यालय अभिलेख अनुसार २०७१ सालको पिछडावर्गका विद्यार्थीहरुको कक्षा दोहोर्‍याउने दर निम्न अनुसार रहेको पाइयो :

तालिका २ पिछडावर्गका विद्यार्थीहरुको कक्षा दोहोऱ्याउने दर

| विद्यालयको नाम | कक्षा ६ | | | कक्षा ७ | | | कक्षा ८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा वि.सं. | दोहोऱ्याउने वि.सं. | दर % | जम्मा वि.सं. | दोहोऱ्याउने वि.सं. | दर % | जम्मा वि.सं. | दोहोऱ्याउने वि.सं. | दर % |
| पशुपति उमावि | १२४ | २ | २ | ११९ | ० | ० | ११० | ४ | ४ |
| भगवती निमावि | ६४ | ३ | ५ | ५५ | २ | ४ | ४० | २ | ५ |
| अमृत निमावि | ८४ | २ | २ | ६४ | १ | २ | ९६ | ५ | ५ |
| फूलवारी उमावि | ८० | २ | ३ | ६० | २ | ३ | ८२ | ४ | ५ |
| गौरीशंकर उमावि | ९६ | १ | १ | १०३ | १ | १ | ९६ | २ | २ |
| जनविकास निमावि | ३९ | ० | ० | ४२ | ० | ० | ४६ | १ | २ |

स्रोत : विद्यालय अभिलेख २०७१

तालिका २ मा उल्लेखित पिछडावर्गका विद्यार्थीहरुको कक्षा दोहोऱ्याउने दरको अध्ययन गर्दा पशुपति उ. मा. वि. कक्षा ६ मा भएका १२४ जना विद्यार्थी मध्ये २ जना पिछडावर्गका विद्यार्थीहरुले कक्षा दोहोऱ्याएका थिए जुन २० प्रतिशत हुन जान्छ । यसैगरी कक्षा ७ मा कक्षा दोहोऱ्याउने पिछडावर्गका विद्यार्थीहरुको छैनन् । कक्षा ८ मा ११० जना मध्ये ४ जना पिछडावर्गका विद्यार्थीहरुले कक्षा दोहोऱ्याएका थिए जुन कक्षा दोहोऱ्याउने दर ४ प्रतिशत हुन्छ । यसैगरी भगवती नि. मा. वि. मा कक्षा ६, ७ र ८ मा क्रमश ५ प्रतिशत, ४ प्रतिशत र ५ प्रतिशत पिछडावर्गका विद्यार्थीहरुले कक्षा दोहोऱ्याएको पाइयो । यस्तै अमृत नि. मा. वि. मा कक्षा ६, ७ र ८ मा क्रमश २ प्रतिशत, २ प्रतिशत र ५ प्रतिशत पिछडावर्गका विद्यार्थीहरुले कक्षा दोहोऱ्याएको पाइयो ।

यसैगरी फूलवारी उ. मा. वि. मा कक्षा ६ मा ८० जना विद्यार्थीमा २ जना, कक्षा ७ मा ६० जनामा २ जना र कक्षा ८ मा ८२ जनामा ४ जना पिछडावर्गका विद्यार्थीहरुले कक्षा दोहोऱ्याएको थिए जुन कक्षा ६, ७ र ८ मा क्रमश ३ प्रतिशत, ३ प्रतिशत र ५ प्रतिशत हुन आउँछ । यस्तै गौरीशंकर उ. मा. वि. मा पिछडावर्गका न्यून विद्यार्थीले मात्र कक्षा दोहोऱ्याएका छन् । जहाँ कक्षा ६, ७ र ८ मा क्रमश १ प्रतिशत, १ प्रतिशत र २ प्रतिशत पिछडावर्गका विद्यार्थीले कक्षा दोहोऱ्याएका थिए । यसैगरी जनविकास नि. मा. वि. मा भने कक्षा ६ र कक्षा ७ मा भने कक्षा दोहोऱ्याउने पिछडावर्गका विद्यार्थी छैनन् भने कक्षा ८ मा ४६ विद्यार्थीहरुमा १ जना अर्थात २ प्रतिशत पिछडावर्गका विद्यार्थीले कक्षा दोहोऱ्याएका थिए ।

माथिका तथ्याङ्कहरुको विश्लेषण गर्दा कक्षा ६ र ७ मा कक्षा दोहोऱ्याउने पिछडावर्गका विद्याथीहरु न्यून भए पनि कक्षा ८ मा भने सो दर वढी नै देखिएको छ । कक्षा ८ मा जिल्ला स्तरीय परीक्षा संचालन हुने भएकाले यो संख्या वढेको हुनसक्छ । यसलाई न्यूनीकरण गर्न विद्यालयले तुरुन्त पहल कदमी गर्नु पर्ने देखिन्छ ।

### ४.१.३ बीचैमा विद्यालय छाड्ने पिछडावर्गका विद्यार्थी विवरण

नमूना छनौटमा परेका विद्यालयहरुको विद्यालय अभिलेखका आधारमा २०७१ सालमा ती विद्यालयको कक्षा ६, ७ र ८ मा बीचैमा विद्यालय छाड्ने पिछडावर्गका विद्यार्थी विवरण निम्न अनुसार रहेको पाइएको छ :

तालिका ३  बीचैमा विद्यालय छाड्ने पिछडावर्गका विद्यार्थी विवरण

| विद्यालयको नाम | कक्षा ६ | | | कक्षा ७ | | | कक्षा ८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| पशुपति उमावि | २ | १ | ३ | १ | १ | २ | १ | १ | २ |
| भगवती निमावि | १ | २ | ३ | १ | ० | १ | १ | १ | २ |
| अमृत निमावि | २ | २ | ४ | १ | २ | ३ | ० | १ | १ |
| फूलवारी उमावि | १ | १ | २ | २ | १ | ३ | १ | १ | २ |
| गौरीशंकर उमावि | १ | १ | २ | २ | १ | ३ | ४ | २ | ६ |
| जनविकास निमावि | ० | ० | ० | ० | १ | १ | ० | १ | १ |

स्रोत :  विद्यालय अभिलेख २०७१

नमूना छनौटमा परेका विद्यालयहरु मध्ये पशुपति उ.मा.वि. मा वि.सं. २०७१ सालमा कक्षा ६ मा २ छात्र र १ छात्रा गरी ३ जना पिछडावर्गका विद्यार्थीहरुले विद्यालय छाडेको पाइयो । यस्तै कक्षा ७ मा १ छात्र र १ छात्रा गरी २ जना र कक्षा ८ मा १ छात्र र १ छात्रा गरी २ जना पिछडावर्गका विद्यार्थीहरुले विद्यालय छाडेका थिए । भगवती नि. मा. वि. मा भने कक्षा ६ मा १ छात्र र २ छात्रा गरी ३ जना पिछडावर्गका विद्यार्थीहरुले विद्यालय छाडेको पाइएको छ । यस्तै कक्षा ७ मा १ छात्र मात्र र कक्षा ८ मा १ छात्र र १ छात्रा गरी २ जना पिछडावर्गका विद्यार्थीहरुले विद्यालय छाडेका थिए । यसैगरी अमृत नि. मा. वि. मा भने कक्षा ६ मा २ / २ जना छात्रछात्राले, कक्षा ७ मा १ छात्र र २ छात्रा गरी ३ जनाले र कक्षा ८ मा १ पिछडावर्गका छात्रले मात्र विद्यालय छाडेको पाइयो ।

यसैगरी फूलवारी उ. मा. वि. मा भने कक्षा ६ मा १ छात्र र १ छात्रा गरी २ जना, कक्षा ७ मा २ छात्र र १ छात्रा गरी ३ जना तथा कक्षा ८ मा १ छात्र र १ छात्रा गरी २ जना पिछडावर्गका छात्रछात्राले विद्यालय छाडेका थिए । यस्तै गौरीशंकर उ. मा. वि. मा भने कक्षा ६ मा १ छात्र र १ छात्रा गरी २ जना, कक्षा ७ मा २ छात्र र १ छात्रा गरी ३ जना र कक्षा ८ मा ४ छात्र र २ छात्रा गरी ६ जना पिछडावर्गका विद्यार्थीहरुले विद्यालय छाडेको पाइएको छ । त्यसैगरी जनविकास नि. मा. वि. मा भने कक्षा ६ मा पिछडावर्गका छात्रछात्राले विद्यालय छाडेका पाइएन । कक्षा ७ र कक्षा ८ मा भने १ / १ पिछडावर्गका छात्राले मात्र विद्यालय छाडेको पाइएको छ ।

पिछडावर्गका विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने अवस्था प्राय सबै विद्यालयमा उस्तै उस्तै रहेपनि गौरीशंकरको कक्षा ८ मा भने वढी देखिएको छ । पिछडावर्गका छात्रछात्राको विद्यालय छाड्ने संख्या उस्तै उस्तै पाइएको छ । अन्य कक्षामा भन्दा कक्षा ८ मा पुगेपछि यो दर केही मात्रमा बढे पनि अन्य कक्षामा पनि कम भने छैन । जनविकास नि. मा. वि. मा भने पिछडावर्गका विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने संख्या अन्य विद्यालय भन्दा अत्यन्त न्यून रहेको पाइएको छ । समग्रमा आर्थिक, सामाजिक, सांस्कृतिक तथा मनोवैज्ञानिक कारणले पिछडावर्गका विद्यार्थीहरुले विद्यालय छोड्ने गरेको पाइएको छ ।

### ४.१.४ पिछडावर्गका विद्यार्थीहरुको उत्तीर्ण दर

नमूना छनौटमा परेका विद्यालयमा अध्ययनरत पिछडावर्गका विद्यार्थीहरुको २०७१ सालको कक्षा ६, ७ र ८ को उत्तीर्ण दर निम्न अनुसार रहेको पाइयो :

तालिका ४  पिछडावर्गका विद्यार्थीहरुको उत्तीर्ण दर

| विद्यालयको नाम | कक्षा ६ | | | कक्षा ७ | | | कक्षा ८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | परीक्षामा सामेल | उत्तीर्ण | उत्तीर्ण दर | परीक्षामा सामेल | उत्तीर्ण | उत्तीर्ण दर | परीक्षामा सामेल | उत्तीर्ण | उत्तीर्ण दर |
| पशुपति उमावि | १५ | १५ | १०० | ९ | ९ | १०० | ८ | ७ | ८८ |
| भगवती निमावि | २० | १८ | ९० | १८ | १७ | ९४ | ५ | ५ | १०० |
| अमृत निमावि | १० | १० | १०० | ७ | ७ | १०० | ८ | ६ | ७५ |
| फूलवारी उमावि | ७ | ७ | १०० | ८ | ७ | ८८ | ८ | ७ | ८८ |
| गौरीशंकर उमावि | ६ | ५ | ८३ | १३ | ११ | ८५ | ६ | ५ | ८३ |
| जनविकास निमावि | २ | २ | १०० | २ | २ | १०० | ५ | ४ | ८० |

स्रोत :  विद्यालय अभिलेख २०७१

तालिका ४ मा उल्लेखित पिछडावर्गका विद्यार्थीहरुको उत्तीर्ण दरको अध्ययन गर्दा पशुपति उ. मा. वि. कक्षा ६ मा परीक्षामा सामेल भएका १५ जना पिछडावर्गका विद्यार्थीहरु मध्ये १५ जना विद्यार्थीहरु नै उत्तीर्ण भई सत प्रतिशत, कक्षा ७ मा परीक्षामा सामेल भएका १५ जना पिछडावर्गका विद्यार्थीहरु मध्ये १५ जना विद्यार्थीहरु नै उत्तीर्ण भई सत प्रतिशत तथा कक्षा ८ मा परीक्षामा सामेल भएका ८ जना पिछडावर्गका विद्यार्थीहरु मध्ये ७ जना विद्यार्थीहरु मात्र उत्तीर्ण भई ८८ प्रतिशत पिछडावर्गका विद्यार्थीहरु उत्तीर्ण भएको पाइयो । यसैगरी भगवती नि. मा. वि. परीक्षामा सामेल भएका पिछडावर्गका विद्यार्थीहरु मध्ये कक्षा

६ मा ९० प्रतिशत, कक्षा ७ मा ९४ प्रतिशत र कक्षा ८ मा सत प्रतिशत उत्तीर्ण दर रहेको पाइयो । यस्तै अमृत नि. मा. वि. मा कक्षा ६ र कक्षा ७ मा सत प्रतिशत पिछडावर्गका विद्यार्थीहरु उत्तीर्ण भएको पाइयो भने र कक्षा ८ मा ८ जना पिछडावर्गका विद्यार्थीहरु मध्ये ६ जना मात्र उत्तीर्ण भई ७५ प्रतिशत पिछडावर्गका विद्यार्थीहरु उत्तीर्ण भएको पाइयो ।

यसैगरी फूलवारी उ. मा. वि. मा परीक्षामा सामेल भएका पिछडावर्गका विद्यार्थीहरु मध्ये कक्षा ६ मा सत प्रतिशत, कक्षा ७ र कक्षा ८ मा भने ८८ प्रतिशत पिछडावर्गका विद्यार्थीहरुको उत्तीर्ण दर रहेका पाइयो । यस्तै गौरीशंकर उ. मा. वि. मा परीक्षामा सामेल भएका पिछडावर्गका विद्यार्थीहरु मध्ये कक्षा ६ मा ८३ प्रतिशत, कक्षा ७ मा ८५ प्रतिशत र कक्षा ८ मा ८३ प्रतिशत उत्तीर्ण दर रहेको पाइयो । यसैगरी जनविकास नि. मा. वि. मा कक्षा ६ मा परीक्षामा सामेल भएका २ जना पिछडावर्गका विद्यार्थीहरु मध्ये २ जना विद्यार्थीहरु नै उत्तीर्ण भई सत प्रतिशत, कक्षा ७ मा पनि परीक्षामा सामेल भएका २ जना पिछडावर्गका विद्यार्थीहरु मध्ये २ जना विद्यार्थीहरु नै उत्तीर्ण भई सत प्रतिशत तथा कक्षा ८ मा परीक्षामा सामेल भएका ५ जना पिछडावर्गका विद्यार्थीहरु मध्ये ४ जना विद्यार्थीहरु मात्र उत्तीर्ण भई ८० प्रतिशत पिछडावर्गका विद्यार्थीहरु उत्तीर्ण भएको पाइएको छ ।

यसरी समग्रमा उत्तीर्ण दर राम्रो रहेको देखिए पनि पिछडावर्गका विद्यार्थीहरुको संख्या अत्यन्त कम भएकाले यस्तो उत्तीर्ण दर सन्तोषजनक भने होइन । अन्य कक्षामा भन्दा कक्षा ८ मा पिछडावर्गका विद्यार्थीहरुको उत्तीर्ण दर न्यून रहेको पाइयो । यस्तो न्यून उत्तीर्ण दर अविलम्व सुधार नगरे विद्यालय छाड्नेको संस्या बड्ने कारण शिक्षाको गुणस्तरमा सुधार गरेर, पिछडावर्गका विद्यार्थीहरुको नियमिततामा विशेष ध्यान दिएर तथा व्यक्तिगत शिक्षण पद्दती अपनाएर भए पनि यस समुदायका विद्यार्थीहरुको उत्तीर्ण दर बढाउनु पर्ने देखिएको छ ।

### ४.१.५ पिछडावर्गका छात्राहरुको सहभागिता विवरण

नमूना छनौटमा परेका विद्यालयहरुको विद्यालय अभिलेखका आधारमा २०७१ सालमा ती विद्यालयको कक्षा ६, ७ र ८ मा पिछडावर्गका छात्राहरुको सहभागिता विवरण निम्न अनुसार रहेको पाइयो :

तालिका ५  पिछडावर्गका छात्राहरुको सहभागिता विवरण

| विद्यालयको नाम | कक्षा ६ | | | कक्षा ७ | | | कक्षा ८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| पशुपति उमावि | ८ | ७ | १५ | ५ | ४ | ९ | ५ | ३ | ८ |
| भगवती निमावि | ६ | १४ | २० | ७ | ११ | १८ | २ | ३ | ५ |
| अमृत निमावि | ६ | ४ | १० | ३ | ४ | ७ | ३ | ५ | ८ |
| फूलवारी उमावि | ४ | ३ | ७ | ३ | ५ | ८ | ४ | ४ | ८ |
| गौरीशंकर उमावि | ४ | २ | ६ | ७ | ६ | १३ | ३ | ३ | ६ |
| जनविकास निमावि | ० | २ | २ | ३ | ६ | ९ | २ | ३ | ५ |

स्रोत : विद्यालय अभिलेख २०७१

तालिका ५ मा उल्लेख गरिएको पिछडावर्गका छात्राहरुको सहभागिता विवरण अध्ययन गर्दा नमूना छनौटमा परेका विद्यालयहरु मध्ये पशुपति उ.मा.वि. मा वि.सं. २०७१ सालमा कक्षा ६ मा ८ छात्र र ७ छात्रा, कक्षा ७ मा ५ छात्र र ४ छात्रा तथा कक्षा ८ मा ५ छात्र र ३ छात्रा रहेको पाइएको छ । यसैगरी भगवती नि. मा. वि. मा भने अवस्था ठीक विपरीत देखिएको छ । यस विद्यालयमा कक्षा ६ मा ६ छात्र र १४ छात्रा, कक्षा ७ मा ७ छात्र र ११ छात्रा तथा कक्षा ८ मा २ छात्र र ३ छात्रा रहेको पाइयो । यहाँ प्रत्यक कक्षामा छात्र भन्दा छात्रा सहभागिता उच्च रहेको पाइयो । यसैगरी अमृत नि. मा. वि. मा भने कक्षा ६ मा छात्र ६ र छात्रा ४ जना, कक्षा ७ मा ३ छात्र र ७ छात्रा तथा कक्षा ८ मा ३ छात्र र ५ छात्रा पिछडावर्गका रहेको पाइयो ।

फूलवारी उ.मा.वि. मा कक्षा ६ मा ४ छात्र र ३ छात्रा, कक्षा ७ मा ३ छात्र र ५ छात्रा तथा कक्षा ८ मा ४/४ छात्रछात्रा रहेको पाइएको छ । यसैगरी गौरीशंकर उ. मा. वि. मा भने कक्षा ६ मा ४ छात्र र २ छात्रा, कक्षा ७ मा ७ छात्र र ६ छात्रा तथा कक्षा ८ मा ३/३ छात्रछात्रा रहेको पाइयो । यस्तै जनविकास नि. मा. वि. मा कक्षा ६ मा मात्र २ जना पिछडावर्गका छात्रा, कक्षा ७ मा ३ छात्र र ६ छात्रा तथा कक्षा ८ मा २ छात्र  र ३ छात्रा पिछडावर्गका रहेको पाइएको छ ।

यसरी सबै विद्यालयमा पिछडावर्गका छात्र छात्राहरुको मिश्रित सहभागिता भए पनि भगवती नि. मा. वि. तथा जनविकास नि. मा. वि. मा भने छात्र भन्दा छात्रा सहभागिता उच्च रहेको पाइएको छ । पिछडावर्गका छात्राहरुको सहभागिता वढाउन चेतामूलक कार्यक्रम संचालन गरी व्यापक प्रचार प्रसार गर्नुपर्ने आवश्यकता देखिएको छ ।

## ४.२ पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरु

पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिताको अवस्थाको वारेमा माथि गरिको अध्ययन अनुसन्धान पछि प्रत्येक विद्यालयमा यस समुदायका विद्यार्थीहरुको उपस्थिति न्यून रहेको स्पष्ट भएको छ । हाल संस्थागत विद्यालयको विकास र विस्तार तथा बढ्दो अंग्रेजी मोहका कारण प्राय कथित उपल्लो जातका वालवालिका तथा आर्थिक रुपमा सम्पन्न र सक्षम वर्गका वालवालिकाहरु संस्थागत विद्यालयमा भर्ना भएको अवस्थामा माथि उल्लेखित तथ्याङ्कवाट अत्यन्त न्यून मात्रमा पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता हुने गरेको वा पिछडावर्गका विद्यार्थीहरुको विद्यालयमा न्यून पहुँच रहेको पुष्टि भएको छ । न्यून संख्यामा विद्यालयमा सहभागी हुने गरेको पिछडावर्गका विद्यार्थीहरुमा बीचैमा विद्यालय छाड्ने तथा कक्षा दोहोऱ्याउने विद्यार्थीहरु उल्लेख्य भएको तथा छात्रा सहभागिता न्यून रहेको पाइएको छ ।

पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिताको अवस्था वारे अध्ययन अनुसन्धानका लागि छनौट भएको नमूना विद्यालयको स्थलगत सर्वेक्षण, अवलोकन, स्रोत व्यक्ति, प्रधानाध्यपक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक, अभिभावक, विद्यार्थीहरु आदिसँगको अन्तरवार्ता, प्रश्नावली, छलफल, रुजुसूची आदि विधिको प्रयोगवाट प्राप्त तथ्य

तथ्याङ्कहरुको व्याख्या विश्लेषण गर्दा पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागितामा निम्न समस्याहरु देखिएका छन् :

**४.२.१ शैक्षिक सेवामा पिछडावर्गको न्यून सहभागिता**

नमूना छनौटमा परेका छ वटा विद्यालयको सेवा क्षेत्रमा रहेका पिछडावर्गको विद्यार्थीका अभिभावकहरुको पेशागत विवरण निम्न रहेको पाइयो :

तालिका ६ पिछडावर्गका अभिभावकहरुको पेशागत विवरण

| क्रम संख्या | पेशाहरु | सम्लग्न प्रतिशत |
|---|---|---|
| १ | कृषि | ६९ % |
| २ | मजदुरी | १६ % |
| ३ | व्यापार | ११ % |
| ४ | जङ्गी | ३ % |
| ५ | शिक्षण | १ % |
| | जम्मा | १०० % |

स्रोत : विद्यालय अभिलेख २०७२

माथिको तालिका अनुसार पिछडावर्गका विद्यार्थीका अभिभावकहरु विभिन्न पेशामा संलग्न हुने क्रममा सबैभन्दा वढी कृषि पेशामा ६९ प्रतिशत अभिभावक संलग्न छन् । नमूना छनौटमा परेका विद्यालयको सेवा क्षेत्रमा रहेका पिछडावर्गका अभिभावकहरुले दोस्रो प्रमुख पेशाको रुपमा मजदुरीलाई अंगालेको पाइएको छ । यसैगरी व्यापारमा ११ प्रतिशत, जङ्गीमा ३ प्रतिशत र शिक्षणमा १ प्रतिशत अभिभावकहरु संलग्न रहेको पाइयो ।

माथिको तथ्याङ्कको विश्लेषण गर्दा के पुष्टि हुन्छ भने पिछडावर्गका अभिभावकहरु अत्याधिक व्यस्त हुने वा जतिखेर पनि श्रम गर्नुपर्ने पेशा जस्तै कृषि, मजदुरी, व्यापार, आदिमा बढी संलग्न हुने गरेको पाइएको छ  जसले गर्दा उनीहरुलाई फुर्सदको समय अत्यन्त कम छ भने चेतनाको स्तर पनि न्यून रहेको पाइयो । शिक्षा तथा सेवामा न्यून मात्रा पिछडावर्गका अभिभावक संलग्न भएकाले अति कम अभिभावक मात्र शिक्षाप्रति सचेत र जागरुक भएका छन् जसले गर्दा अति कम अभिभावकले मात्र आफ्ना छोरा छोरीलाई शिक्षा दिनु पर्छ भन्दै विद्यालय पठाएको पाइएको छ । तसर्थ पिछडावर्गका  विद्यार्थीहरु शैक्षिक सहभागिता न्यून हुनुको एउटा प्रमुख कारण उनीहरुका अभिभावकहरु शिक्षण तथा सेवा जस्तो पेशामा न्यून सहभागी हुनु हो ।

### ४.२.२ अभिभावकको सकारात्मक शैक्षिक दृष्टिकोणको अभाव

नमूना छनौटमा परेका छ वटा विद्यालयको सेवा क्षेत्रमा रहेका पिछडावर्गको विद्यार्थीका अभिभावकहरुसँग संकलन गरिएको अभिमत अनुसार यी अभिभावकहरुको शिक्षा प्रति पूर्णरुपमा सकरात्मक दृष्टिकोण नभएको पाइयो । नमूना छनौटमा परेका प्रत्येक विद्यालयका २/२ जना गरी जम्मा १२ जना पिछडावर्ग विद्यार्थीका अभिभावकसँग गरिएको मत सर्वेक्षण अनुसार १० जना अभिभावकले शिक्षाप्रति नकरात्मक दृष्टिकोण राखेको पाइयो । उनीहरुले पढेर पनि के गर्ने, जागिर पाइदैन, बरु बेलैमा काम सिकेर विदेश पठाउने र पैसा कमाउने विचार व्यक्त गरेका थिए । यस्तै २ जना अभिभावकले भने जागिरै नपाए पनि पढेपछि जान्ने, बुझ्ने र बाठो हुने भएकाले वालबालिकालाई विद्यालयमा पढ्न पठाएको सकरात्मक मत व्यक्त गरेका थिए ।

### ४.२.३ कमजोर आर्थिक अवस्था र घरेलु श्रम गर्नुपर्ने बाध्यता

पिछडावर्गका नागरिकहरु आर्थिकरुपमा अत्यन्त विपन्न भएको पाइयो । स्थलगत सर्वेक्षणबाट के पत्ता लगाइयो भने प्राय सबै पिछडावर्गका परिवारको आर्थिक अवस्था दयनीय रहेको, सामान्य र साँघुरो माटाको घर भएको, अव्यवस्थित शौचालय, साँघुरो आँगन, नजिकै गोठ र बाखाको खोर भएको प्राय कृषि पेशामा आश्रित र कमैमात्र व्यापार र अन्य पेशामा संलग्न भएको पाइयो । यसैगरी कृषि श्रमिकको रुपमा काम गर्नुपर्ने बाध्यता, परिवारको मूलीमा सबै सदस्य आश्रित रहनु पिछडावर्गका विषेशता नै जस्तो रहेको पाइयो ।

पिछडावर्गका नागरिकको कमजोर आर्थिक अवस्थाका कारण घरमूली अरुकै कृषिकार्यमा व्यस्त हुने बाध्यताले गर्दा छोरा छोरीले घरको सबैकार्य सम्पन्न गर्नुपर्ने अनिवार्यताले गर्दा उनीहरुको विद्यालयमा न्यून सहभागिता हुने गरेको पाइयो । विद्यालयमा भर्ना नै नहुने तथा भएपनि घरायसी कामको बोझले गर्दा विद्यालयमा अनियमित हुने, गृहकार्य नगर्ने तथा  अन्त्यमा विद्यालय नै छाड्ने गरेको स्थलगत सर्वेक्ष्ँणबाट पुष्टि भएको छ ।

### ४.२.४ ठूलो परिवार तथा कमजोर स्वास्थ्य

नमूना छनौटमा परेका विद्यालयहरुको सेवाक्षेत्रमा गरिएको स्थलगत सर्वेक्षणवाट पिछडावर्गका मानिसहरुको परिवार ठूलो रहेको पाइएको छ । सर्वेक्षणवाट ८० प्रतिशत परिवारको परिवार संख्या ६ जना भन्दा वढी रहेको पाइयो । ठूलो परिवार भए पनि एउटै साँघुरो घरमा वस्नुपर्ने कारण तथा जन्मान्तर कम भई प्रजनन् गराइएका कारण परिवारिक स्वस्थ्य अवस्था कमजोर रहेको पाइयो । परिवार ठूलो तथा कमजोर आर्थिक अवस्थाका कारण सन्तुलित भोजनको अप्रयप्तता भई छोराछोरीहरु दुव्लो पातलो रहेको पाइयो । ठूलो परिवारका सम्पूर्ण वालवालिकालाई विद्यालय भर्नागरी आवश्यक पोशाक, खाजा आदिको व्यावस्थापनमा वढि रकम आवस्यक पर्ने हुदा विद्यालय भर्ना नहुने गरेको तीतो यथार्थता पत्ता लागेको छ । यसैगरी पिछडावर्गका वालवालिकाहरु वारम्वार ज्वरो तथा निमोनियावाट सताइरहने कारण औषधी उपचारमा बढी रकम खर्चहुने भएकाले विद्यलय पठाउन समस्या परेको पाइयो । यसैगरी विद्यलय पठाइए पनि वारम्वार पेटदुख्ने तथा टाउको दुख्ने समस्याले गर्दा केही विद्यार्थीले विद्यलय छोडेको पाइयो ।

यसरी ठूलो परिवारमा खर्चगर्ने साधनको न्यूनता र कमजोर स्वास्थ्यका कारण अत्यधिक औषधी उपचार खर्च लाग्ने भएकाले पिछडावर्गका विद्यार्यीहरुको शैक्षिक सहभागितामा समस्या सिर्जना भएको पाइएको छ ।

### ४.२.५ विद्यालयको प्रतिकुल वातावरण

पिछडावर्ग प्रति हुने नकरात्मक व्यवहारले गर्दा पनि कतिपय अवस्थामा उनीहरु विद्यालयवाट टाढा हुन पुगेको पाइयो । अनुसन्धानवाट यो पत्ता लागेको छ की शिक्षकले कक्षाकोठामा पिछडावर्गका विद्यार्थीहरुलाई भेदभावपूर्ण व्यवहार गर्ने गरेको र असय्य भई विद्यालय छाड्न वाध्य भएको पनि पाइयो । कुनै दिन विद्यालय नगएमा वा गृहकार्य गर्न विर्सिएमा अन्य विद्यार्थीलाई भन्दा भिन्न तरिकाले बढि सजाय गरेकाले दुई जना विद्यार्थीले विद्यालय छाडेका पाइएको छ ।

यसैगरी पिछडावर्गका विद्यार्थीहरुले कक्षा अनुत्तीर्ण भएकाले पनि विद्यालयवाट टाढा भएको पाइएको छ । असफल भएपछि पुनः त्यही कक्षामा वस्नु पर्ने र साथीहरुले जिस्क्याउने कारणले पनि शैक्षिक सहभागिता विमुख अवस्था सिर्जना भएको पाइएको छ । यसैगरी विद्यालयमा वालमैत्री वातावरण नभएकाले अनियमित भई कक्षामा सहभागी हुन मन नलाग्ने गरेको मानेवैज्ञानिक कारण पनि खुल्न आएको छ । वालबालिकालाई कक्षा कार्य, गृहकार्य आदि जवरजस्ती लाद्ने गरेको तथा कडा अनुसाशनमा वस्नुपर्ने वाध्यता एवं प्रजातान्त्रिक सिकाई अभ्यासको कमीले गर्दा पनि पिछडावर्गका विद्यार्थीहरुलाइ विद्यालय जान मन नलागेको कटु सत्य स्थलगत सर्वेक्षणवाट पत्ता लागेको छ । पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागितामा संकट उत्पन्न गर्न विलयमा हुने प्रतिकूल वातावरणले पनि महत्वपूर्ण भूमिका खेलेको पाइयो ।

यसरी पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिताका समस्याहरुमा माथि उल्लेखित समस्या वा अवरोधहरु प्रमुख हुन वास्तवमै पिछडावर्गका अभिभावकहरुको शिक्षाप्रतिको दृष्टिकोण नकारात्मक भएको पाइएको छ । आफू नपढे पनि जीवन चलेकै छ, नपढेको मान्छेले पनि पैसा कमाएकै छ आदि जस्ता उदाहरण दिन पनि पिछडावर्गका अभिभावकहरु पछि परेनन् । ठूलो परिवारमा खर्च बढी हुने, काम ज्यादा गर्नुपर्ने, स्वास्थ्य सम्बन्धी समस्याले सताउने आदि कारणहरुले पनि पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक

सहभागितामा समस्या सिर्जना गरेको पाइयो । केही शारीरिक अपाङ्गता भएका पिछडावर्गका विद्यार्थीहरु पनि भेटिए जसकालागि अपाङ्गमैत्री विद्यालय नभएकाले पनि शैक्षिक सहभागितामा अवरोध भएको पाइयो । यस्ता विद्यार्थीलाई पारिने भेद्भावपूर्ण व्यवहार, हेप्ने, गिज्याउने प्रवृति आदि शारीरिक तथा मानसिक हिंसाका सिकार हुने भएकाले पनि पिछडावर्गका विद्यार्थीहरु शिक्षा विमूख भएको पाइएको छ ।

सरकारले प्राथमिक तहको शिक्षा निःशुल्क गरेपनि विद्यालयले भर्ना शुल्क, मासिक शुल्क, परीक्षा शुल्क आदि तिर्नु पर्ने वाध्यताका कारण आर्थिक भारले गर्दा विद्यालय शिक्षामा सहभागी हुन समस्या परेको पाइएको छ । अंग्रेजी माध्यममा पठनपाठन संचालन गर्ने भनी केही विद्यालयले मासिक शुलक पनि उठाएको पाइयो । अभिभावकको नियमित आयआर्जनको अभाव भएकाले तथा गाँस,वास,कवास पछि मात्र शिक्षा पर्ने भएकाले यो समुदायमा गाँस र वासको अभाव हुँदा शिक्षाले प्राथमिकता नपाएको यर्थाथता पाइएको छ । यही आर्थिक विपन्नताका कारण कामको विशेष चाप भएको समय जस्तै धान रोप्ने, धान काट्ने, मकै रोप्ने, मकै भाँच्ने आदि समयमा त ५० प्रतिशत भन्दा कम विद्यार्थीहरुमात्र विद्यालयमा उपस्थित हुने गरेको पाइयो । तसर्थ आर्थिक विपन्नता पनि पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता माथि सिर्जना भएको प्रमुख अवरोध हो ।

विद्यालयमा सम्पूर्ण विद्यार्थीलाई शिक्षकले समान व्यवहार गर्नुपर्छ । जान्ने र नजान्ने, धनी र गरीब, नजिक र टाढा, नियमित र अनियमित आदिका आधारमा केही शिक्षकहरुले विद्यार्थी  विद्यार्थीमा भेदभाव गरेको पाइयो । त्यस्तै शिक्षक र विद्यार्थी बीच सुमधुर सम्बन्ध सिर्जना हुन नसक्नु तथा विभेद गरिनुले पनि पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागितामा समस्या आएको पाइयो । विद्यालयमा विभिन्न कारणहरु जस्तै अनियमितता, कमजोर स्वास्थ्य, बिरामी, पढाइ प्रतिको कमरुची, सही मूल्यांकन प्रणालीको अभाव, कामको बोझ, बालमैत्री वातावरणको अभाव आदि कारणहरुले पिछडावर्गका विद्यार्थीहरु अनुत्तीर्ण हुने र यसैका कारण विद्यालय छोड्न बाध्य हुने गरेको पाइयो ।

मास्लोको आवश्यकताको सिद्धान्तमा उल्लेख भए जस्तै मानिसले न्यूनतम् आधारभूत आवश्यकताहरुको परिपूर्ति भएपछि मात्र त्यस भन्दा माथिका आवश्यकता खोजी गर्दछ । जव सम्म मानिसलाई गाँस,वास र कवास नै कसरी जुटाउने भन्ने समस्या पर्छ तव सम्म शिक्षा, स्वास्थ्य जस्ता आवश्यकताको खाजी गर्दैन । यहाँ पनि अधिकांश पिछडावर्गका

मानिसहरुको आर्थिक विपन्नताले गर्दा गाँस, वास र कपासका लागि संघर्ष गरिरहेका छन् । यस्तो अवस्थामा पिछडावर्गका विद्यार्थीहरुले पनि आफ्ना बुवा आमालाई कृषि कार्यमा सहयोग गर्नुपर्ने बाध्यताका कारण उनीहरुको शैक्षिक सहभागितामा अवरोध भएको छ । गाँस, वास र कवासको आवश्यकता पूरा नभएकाले उनीहरु शिक्षा उन्मूख हुन सकिरहेका छैनन् । उनीहरुलाई विद्यालय जान नै समस्या परेको छ भने गइहाले पनि बीचैमा छाड्न बाध्य छन् । त्यसैले यहाँ मास्लोको सिद्धान्तलाई यस अनुसन्धानको सैद्धान्तिक पक्षसंग जोड्नु सान्दर्भिक देखिएको छ ।

## ४.३ पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता बढाउने उपायहरु

आज सबैका लागि शिक्षा, निःशुल्क शिक्षा, अनिवार्य शिक्षा, खुल्ला शिक्षा, समाहित शिक्षा, दुर शिक्षा आदि विविध प्रकृतिका शिक्षाको नारा दिए तापनि पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता सन्तोषजनकरुपमा भएको पाइँदैन । विद्यालयमा भर्ना भईहाले पनि विविध समस्याका कारण बीचैमा विद्यालय छाड्न बाध्य हुन्छन् । नमूना छनोटमा परेका विद्यालयका प्र.अ., स्रोतव्यक्ति, शिक्षक, अभिभावक, तथा विद्यार्थीहरुसंग गरिएको छलफल, प्रश्नोत्तर, अन्तवार्ता आदिका आधारमा पिछडावर्गका बालबालिकाहरुको शैक्षिक सहभागिता बढाउने उपायहरु निम्न अनुसार रहेको पाइयो ।

### ४.३.१ अभिभावकहरुमा शैक्षिक चेतजना अभिबृद्धि

पिछडावर्गका बालबालिकका अभिभावकहरुलाई मानिसको सर्वाङ्गीण विकासको एकमात्र आधार शिक्षा हो र शिक्षाविना अर्थपूर्ण व्यवहारिक जीवन जिउन सक्दैन भन्ने सन्देश फैलाउनु पर्ने देखिएको छ । पिछडावर्गका अभिभावकहरुलाई शिक्षाको महत्वबारे जनचेतना जगाउनुपर्ने धारणा शिक्षकहरुले राखेका छन् । यस समुदायमा अभिाभावकले शिक्षालाई कम प्राथमिकतामा राखी नकरात्मक दृष्टिकोणले हेरेको पाइयो । अतः शिक्ष प्रति सकारात्मक दृष्किोण नभएका अभिभावकहरुलाई शिक्षाको महत्व तथा फाइदा बारे बुझाउन सकिएमा पिछडावर्गका मानिसहरुले आफ्ना बालबालिकालाई नियमितरुपमा विद्यालय पठाउने वातावरण बन्छ । छोराछोरीलाई राम्रोसँग पढाउन सकेमा उनीहरुले पनि आय आर्जन गर्न सक्छन् जसले गर्दा एउटै परिवारका सबै सदस्यको जीवन सहज हुन सक्छ भन्ने

सन्देश तथा सकारात्मक सोचको विकास गरी अभिभावकहरुमा चेतना अभिबृद्धि गर्न सक्नु पर्दछ । यस्तो सकारात्मक सोचको विकासबाट अभिभावक आफैं पनि प्रौढ शिक्षाका माध्यमबाट चिठी पढ्ने, लेख्ने, मोवाइल चलाउने, सामान्य हिसाब गर्ने आदि कार्य गर्न सक्षम भई शिक्षाको महत्व बुझ्रेर आफ्ना छोराछोरीलाई विद्यालय पठाउने वातावरण सिर्जना हुने थियो । यसरी विभिन्न कार्यक्रम तथा प्रचार प्रसारबाट अभिभावकहरुमा शिक्षा प्रतिको सकारात्मक दृष्टिकोण विकास गर्न चेतना अभिबृद्धि गर्नुपर्ने अनिवार्यता देखिन्छ ।

### ४.३.२ पिछडावर्गको गरिबी न्यूनीकरण तथा सीप विकास

पिछडावर्गका बालबालिकाहरु शैक्षिक सहभागिताबाट बञ्चित हुनुको प्रमुख कारण उनीहरुको गरिबी हो । गरिबीका कारणले पिछडावर्गका विद्यार्थीलाई आवश्यक पर्ने किताब, कपी, पेन्सिल, खाजा, पोशाक आदिको व्यवस्था गर्न नसक्ने कारण तथा बालबालिकाहरुले पनि पेट पाल्न श्रम गर्नुपर्ने कारण उनीहरु विद्यालय जानबाट बञ्चित रहेको पाइयो । त्यसैले सरकारले समयमै पिछडावर्गको गरिबी न्यूनीकरण गर्न लक्ष्यित कार्यक्रम अगाडि बढाउनु पर्ने देखिन्छ । गरिबी न्यूनीकरणका लागि सरकारले पिछडावर्गलाई लक्षित गरी विभिन्न पेसागत सीप सिकाउने ऋण तथा अनुदान प्रदान गर्न उत्पादनमूलक कार्यमा लगाउन हौसला दिने, ट्यूवेल, ट्वाइलेट आदि निर्माण गरिदिने, उनीहरका छोराछोरीलाई पूर्ण निःशुल्क शिक्षा प्रदान गरी पोशाक, कपी, किताब, पेन्सिल, खाजा, आदिको व्यवस्था गरिदिने गरेमा अवश्य पिछडावर्गका विद्यार्थीहको विद्यालयमा सहभागिता बढ्ने छ भन्ने विचार शिक्षकहरको रहेको पाइयो । यसरी अधिकांस पिछडावर्गका अभिभावक कृषि पेशामा संलग्न रहेको र आफ्ना बालबालिका पनि निःशुल्क श्रमिककोरुपमा कृषि कार्यमै लगाइएको अवस्थामा गरिबी न्यूनीकरण तथा सीप विकास कार्यक्रम संचालन गरेर यस्ता अभिभावकलाई आर्थिकरुपमा सक्षम बनाइएमा पिछडावर्गका बालबालिकाहरुको शैक्षिक सहभागिता बढेर जाने अवधारण व्यक्त गरिएको छ ।

### ४.३.३ पिछडावर्गका बालबालिका लक्ष्यित छात्रवृत्ति तथा प्रोत्साहन सहित शिक्षा कार्यक्रम संचालन

अधिकांस अभिभावकहरुले आफ्ना बालबालिका सबैले छात्रवृत्ति नपाएको, पाउनेले पनि थोरै पाएको, विद्यालय नगएको दिन वितरण गरिएको र पुनः वितरण नगरिएको आदि असन्तुष्टि प्रदान गरेको पाइयो । अतः पिछडावर्गका सबै विद्यार्थीहरलाई अनिवार्य छात्रवृत्ति उपलब्ध गराउनु पर्छ र छात्रवृत्तिको रकम पनि बढाउनुपर्ने देखिन्छ । यसरी छात्रवृत्ति प्रदान गरिएमा उनीहरले अध्ययनका लागि आवश्यक सामाग्री खरिद गरी अध्ययन कार्य अगाडि बढाउने थिए । गरिब तथा जेहेन्दार विद्यार्थीलाई विषेश प्रोत्साहन पुरस्कार प्रदान गर्नुपर्छ भने पिछडावर्गका विद्यार्थीलाई नियमित र निरन्तर बनाउन दिवा खाजा, निःशुल्क तेल, नून, दाल, चिनी, कपी आदि जस्ता अत्यावश्यक खाद्यवस्तु प्रदान गरेको खण्डमा अभिभावकले अनिवार्य विद्यालय पठाउने विचार श्रोतव्यक्ति तथा वि.व्य.स.का पदाधिकारीहरुको रहेको छ । कर्णाली तथा हिमाली जिल्लाहरुमा प्रदान गरे जस्तै दिवा खाजा,तेल आदि विद्यार्थीलाई प्रदान गर्न सकेमा निश्चितरपमा पिछडावर्गका विद्यार्थीहको शैक्षिक सहभागिता बढेर जाने थियो । साथै प्रदान गरिएको छात्रवृत्तिलाई पठनपाठनसँग सम्बन्धित सामाग्रीहमा खर्च गर्नपनि प्रोत्साहन गर्नुपर्ने अवस्था देखिएको छ ।

### ४.३.४ भेदवाभरहित बालमैत्री शैक्षिक वातावरण

पिछडावर्गका बालबालिकालाई विद्यालयमा विभिन्न वहानामा विभेद हुने गरेको र त्यसैको कारणबाट विद्यालय छोड्न बाध्य भएको पनि स्थलगत सर्वेक्षणबाट पाइएको छ । विद्यालयमा कुनैपनि विद्यार्थीमाथि हुने यस्तो भेदभाव तथा अन्यायपूर्ण व्यवहारको तुरुन्त अन्त्य गरिनुपर्छ । जातीय, धार्मिक, लैङ्गिक, आर्थिक आदि रुपमा गरिने भेदभावको अन्त्य हुनु पर्दछ । विद्यार्थी अनियमित हुने गरेकोमा वा गृहकार्य नगरेकोमा सजाय हैन त्यसको कारण खोजी समाधान गरेर अगाडि बढ्नु पर्दछ । शिक्षक र विद्यार्थी बीच सुमधुर सम्बन्धको विकास गर्दै विद्यार्थीलाई विद्यालय जाउँ जाउँ लागने बालमैत्री वातावरण सिर्जना गनुपर्ने राय केही शिक्षित अभिभावकहरुको रहेको छ । विद्यालयमा शिक्षक होइन विद्यार्थी हावी हुनु पर्दछ । ऊ खुसी रमाइ रमाइ शिक्षण सिकाई कार्यमा सहभागी हुनु पर्दछ र यसका लागि विद्यालयले उचित वातावरण सिर्जना गर्नुपर्ने अवस्था देखिएको छ । विद्यार्थी-विद्यार्थी

बीचमा विभेद भएमा उनीहरलाई सम्फाई बुफाई सबैको भावनाको उचित कदर गर्न सुफाव दिनु पर्ने अवस्था छ । तसर्थ विद्यालयमा हुने सबै भेदभावको अन्त्य गरी बालमैत्री वातावरण सिर्जना भएमा पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागितामा बृद्धिहुने तथा यसले निरन्तरता पनि पाउने छ ।

### ४.३.५ उदार कक्षोन्नति तथा अतिरिक्त समय शिक्षण

पिछडावर्गका नागरिकहरुको आर्थिक विपन्नताका कारणले गर्दा विद्यालयमा अनियमित हुने तथा कडा मेहनत गर्न समय पनि नहुने भएकाले विद्यार्थीहरु अनुत्तीर्ण हुने गरेको पाइयो । घरमा काम नभएको समयमा मात्र विद्यालयमा उपस्थित हुने, घर गएर गृहकार्य गर्ने फुर्सद नहुने, विहान बेलुकाको कामको बोफले थाकेर बेलुका छिट्टै निदाउने आदि कारणले पठनपाठनमा समस्या भई पिछडावर्गका विद्यार्थीहरु अनुत्तीर्ण हुने गरेको पाइयो । अनुत्तीर्ण भएकै कारण विद्यालयमा साथीहरुले जिस्क्याउने, पुनः त्यही कक्षामा बस्नु पर्दा हिनताबोध हुने तथा अभिभावकले पनि अनुत्तीर्ण भएपछि विद्यालय नजान प्रेसर गर्नेकारण यस्ता विद्यार्थीहरुले बीचैमा विद्यलय छाड्ने गरेको पाइएको छ । जसले गर्दा शैक्षिक सहभागितामा समस्या भएकाले प्रभावकारी शिक्षण सिकाइ अपनाई उदार कक्षोन्नति नीति लिई सबै विद्यार्थी उत्तीर्ण गरी शैक्षिक सहभागिता प्रति उत्साहित बनाउनु पर्छ । उदार कक्षोन्नति नीति अपनाएमा बीचैमा विद्यालय छोड्नेहरुको सख्यामा न्यूनता आउँछ । यसैगरी कमजोर विद्यार्थीलाई अतिरिक्त समयमा शिक्षण गरी उनीहरुलाई सक्षम बनाएर कक्षा चढाउनु पर्ने बिचार केही अभिभावकहरुले अभिव्यक्त गरेका छन् । अतिरिक्त समय शिक्षणले छुटेका पाठहरु पूरा गर्न, कक्षामा नजानेका पाठको पुनः अभ्यास गर्न सकिने भएकाले शिक्षाको गुणस्तर बृद्धि हुने र कक्षोन्नतिमा सघाउ पुग्ने सुफाव आएको छ । यसरी अतिरिक्त शिक्षण गरी उदार कक्षोन्नति गरेर पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता सुनिश्चित गर्नुपर्ने देखिएको छ ।

यसरी माथिका उपायहरु अपनाएर पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागितामा उल्लेख्य बृद्धि गर्न सकिने राय प्राप्त भएका छन् । अनुसन्धानका क्रममा यसका अतिरिक्त समान वा समतामूलक शिक्षामा सहभागिताले पनि पिछडावर्गको शैक्षिक सहभागिता सुनिश्चित गर्न सकिने बिचार पनि व्यक्त भएका छन् । यसै गरी पिछडावर्गका अभिभावकमा

क्षमता अभिबृद्धि गर्न प्राविधिक शिक्षा वा सीप प्रदान गर्नु पर्ने, निःशुल्क शिक्षा प्रदान गर्नु पर्ने र अनिवार्य शिक्षालाई कार्यन्वयन गर्नु पर्ने सुझावहरु पनि आएका छन् । पिछडावर्गका पौढहरुका लागि शैक्षिक चेतना जगाएर सकारात्मक सोचको विकास गर्नु पर्ने र पौढ शिक्षा लिन प्रोत्साहन गर्नु पर्ने पनि देखिन्छ ।

समय मै पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता सुनिश्चित गर्न, बाल विकास केन्द्रलाई प्रभावकारी बनाई चार बर्ष उमेर पूरा भएका सम्पूर्ण यस वर्गका बालबालिकालाई अनिवार्य भर्ना अभियान स.चालन गर्नुपर्ने देखिन्छ । बेलैमा यसता बालविकास केन्द्रमा भर्ना गरिएमा विद्यालय जाने वातावरण वन्दै जाने वि.व्य.स. अध्यक्षहरुको विचार रहेको छ । यस्तै शिशु स्याहार केन्द्रहरु स्थापना गरेर कमजोर स्वास्थ्य भएका र रोगी यस समुदायका बालवालिकाहरुको समयमा नै उपचार गरेर तथा पोषण गरिएमा कुपोषणको अन्त्य भई स्वास्थ दिमागका साथ गुणात्मक शिक्षा प्राप्त हुने राय केही शिक्षकहरुले राखे छन् । शिशु स्याहार केन्द्रमा बालबालिकाको स्याहार भएमा पिछडावर्गका अभिभावकलाई आर्थिक भार तथा तनाव कम हुने हुँदा विद्यालय पठाउन अग्रसर हुन्छन् । यसैगरी पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता बृद्धि गर्न अभिभावकको राजनीतिक चेतना स्तरमा बृद्धि गर्नुपर्ने र विद्यालयले प्रदान गर्ने सेवा सुविधा बारे विभिन्न माध्यमहरुबाट जानकारी तथा सूचना प्रवाह गरेर सहभागिता बढाउन थप सहयोग पुगछ । यसका अतिरिक्त सबैभन्दा महत्वपूर्ण कुरा त पिछडावर्ग स्वयम् जागरुक भई आफ्ना बालवालिकाको सुन्दर भविष्य निर्माण गर्न शिक्षाको अवसरको सुनिश्चित गर्नु पर्दछ । आफू जीवनभर सामन्ती र धनी वर्गको गुलाम बनेर जीवन बर्वाद भएको अवस्थामा आफ्ना बालबालिकाको शैक्षिक सहभागितामा बृद्धि गरी सामन्त र धनी वर्गको घरमा काम गर्ने बाध्यत्मक अवस्थाबाट अलग राखी भविष्य निर्माणमा जुट्नु पर्ने अवस्था सिर्जना गर्नु पर्दछ ।

पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिताको वर्तमान बारे अध्ययन गर्दा नमूना छनौटमा परेका विद्यालयमा पिछडावर्गका विद्यार्थी भर्ना दर वि. सं. २०७२ मा औसतमा २६.३३ प्रतिशत रहेको पाइयो जुन राष्ट्रिय जनगणना २०६८ अनुसार पिछडावर्गको १८ प्रतिशत जनसंख्याको अनुपातमा मिल्दो देखिए पनि ब्राह्मण, क्षेत्री, राजवंशी, लिम्बू, श्रेष्ठ लगायतका सचेत वर्गका बालवालिकाहरु संस्थागत विद्यालयमा भर्ना हुने र पिछडावर्ग, सन्थाल, दलित आदि जातिका बालबालिका अधिकांश मात्रामा सामुदायिक विद्यालयमा भर्ना

हुने भएकाले यो भर्ना प्रतिशत सन्तोषजनक भने होइन । यसैगरी पिछडावर्गका विद्यार्थीहरु मध्ये चार प्रतिशत विद्यार्थीले मात्र कक्षा दोहोऱ्याएको पाइएको छ जसमा कक्षा आठमा सबै भन्दा बढी छन् । यसैगरी समग्रमा एउटा कक्षामा कम्तीमा दुईजना पिछडावर्गका विद्यार्थीहरु विद्यालय छोड्न बाध्य रहेको अवस्था छ भने उनीहरुको उत्तीर्ण दर औशतमा ८५.६७ प्रतिशत रहेको छ ।

मास्लोको आवश्यकताको सिद्धान्तमा उल्लेख भए जस्तै मानिसले न्यूनतम् आधारभूत आवश्यकताहरुको परिपूर्ति भएपछि मात्र त्यस भन्दा माथिका आवश्यकता खोजी गर्दछ । जव सम्म मानिसलाई गाँस,वास र कवास नै कसरी जुटाउने भन्ने समस्या पर्छ तव सम्म शिक्षा, स्वास्थ्य जस्ता आवश्यकताको खाजी गर्दैन । यहाँ पनि अधिकांश पिछडावर्गका मानिसहरुको आर्थिक विपन्नताले गर्दा गाँस, वास र कपासका लागि संघर्ष गरिरहेका छन् । यस्तो अवस्थामा पिछडावर्गका विद्यार्थीहरुले पनि आफ्ना बुवा आमालाई कृषि कार्यमा सहयोग गर्नुपर्ने बाध्यताका कारण उनीहरुको शैक्षिक सहभागितामा अवरोध भएको छ । गाँस, वास र कवासको आवश्यकता पूरा नभएकाले उनीहरु शिक्षा उन्मूख हुन सकिरहेका छैनन् । उनीहरुलाई विद्यालय जान नै समस्या परेको छ भने गइहाले पनि बीचैमा छाड्न बाध्य छन् । त्यसैले यहाँ मास्लोको सिद्धान्तलाई यस अनुसन्धानको सैद्धान्तिक पक्षसंग जोड्नु सान्दर्भिक देखिएको छ ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझाव

पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता सम्बन्धमा नमूना छनौटमा परेका विद्यालयका प्र.अ., स्रोत व्यक्ति, अभिभावक, विद्यार्थी, शिक्षक, वि.व्य.स. का पदाधिकारीहरु आदि सँग छलफल, अन्तरवार्ता, प्रश्नावली, विद्यालय सर्वेक्षण, अवलोकन आदिका आधारमा नतिजाको गुणात्मक व्याख्या विश्लेषण गरी सकिएको छ । सो नतिजाको व्यख्या विष्लेषणको आधारमा यस अनुसन्धानको निष्कर्ष र सुझाव यस प्रकार उल्लेख गरिएको छ ।

## ५.१ निष्कर्ष

पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिताको वर्तमान बारे अध्ययन गर्दा नमूना छनौटमा परेका विद्यालयमा पिछडावर्गका विद्यार्थी भर्ना दर वि. सं. २०७२ मा औसतमा २६.३३ प्रतिशत रहेको पाइयो जुन राष्ट्रिय जनगणना २०६८ अनुसार पिछडावर्गको १८ प्रतिशत जनसंख्याको अनुपातमा मिल्दो देखिए पनि ब्राह्मण, क्षेत्री, राजवंशी, लिम्बू, श्रेष्ठ लगायतका सचेत वर्गका बालवालिकाहरु संस्थागत विद्यालयमा भर्ना हुने र पिछडावर्ग, सन्थाल, दलित आदि जातिका बालबालिका अधिकांश मात्रामा सामुदायिक विद्यालयमा भर्ना हुने भएकाले यो भर्ना प्रतिशत सन्तोषजनक भने होइन । यसैगरी पिछडावर्गका विद्यार्थीहरु मध्ये चार प्रतिशत विद्यार्थीले मात्र कक्षा दोहोऱ्याएको पाइएको छ जसमा कक्षा आठमा सबै भन्दा बढी छन् । यसैगरी समग्रमा एउटा कक्षामा कम्तीमा दुईजना पिछडावर्गका विद्यार्थीहरु विद्यालय छोड्न बाध्य रहेको अवस्था छ भने उनीहरुको उत्तीर्ण दर औशतमा ८५.६७ प्रतिशत रहेको छ ।

पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता अन्तरगत भर्ना दरको अध्ययन गर्दा २०७० सालमा २२.३३, २०७१ सालमा २३.८३ र २०७२ सालमा यो भर्ना दर बढेर २६.३३ प्रतिशत पुगेको छ । यसबाट प्रत्येक बर्ष पिछडावर्गका बालबालिकाहरुको शैक्षिक सहभागिता क्रमशः बृद्धि हुँदै गइरहेको छ । यद्यपि यो भर्नादर भने न्यून नै हो । पिछडावर्गका विद्यार्थीहरुको विद्यालय छाड्ने दर, कक्षा दोहोऱ्याउने दर, अनुत्तीर्ण दर आदिमा क्रमशः कमी आइरहेको छ । भर्नादरमा बृद्धि हुनु र अन्य दरमा कमी आउनुको प्रमुख कारण जनचेतनामा बृद्धि तथा शिक्षा प्रति सकारात्मक सोचको विकासले गर्दा नै हो ।

नमूना छनौटमा परेका उत्तरदाताको प्रतिक्रियाको विश्लेषणका आधारमा पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागितामा कमी हुनुको प्रमुख कारणहरुमा उनीहरुको

आर्थिक विपन्नता तथा शैक्षिक चेतनाको कमी नै हो । लगभग एक प्रतिशत पिछडावर्ग मात्र शैक्षिक सेवामा सम्लग्न भएको आधारमा उनीहरुका बालबालिकाहरु स्वभाविकै रुपमा कम संख्यामा विद्यालय आउने भए । शिक्षा प्रतिको सकारात्मक सोचको कमी, घरायसी काममा बढी जोड, कमजोर स्वास्थ्य, विद्यालयको प्रतिकूल वातावरण आदि पनि पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरु हुन् । मनोवैज्ञानिक अवरोधका रुपमा विद्यालयको भेदभावपूर्ण वातावरण, बालमैत्री वातावरणको अभाव, बोझिलो गृहकार्य, लैंगिक विभेद, शैक्षिक सामग्री, पोशाक, खाजा आदिको अभाव, विभिन्न वहानामा लिने शुल्क, यातना आदि प्रमुख हुन् ।

पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरुको समाधान गर्न अभिभावकहरुमा चेतना अभिबृद्धि कार्यक्रम संचालन, गरिबी न्यूनीकरण सीपमूलक तालिम संचालन, अभिभावकमा शिक्षाको महत्वमाथि प्रचार प्रसार, लक्ष्यित विद्यार्थी छात्रावृत्ति, पिछडावर्गका विद्यार्थी लक्ष्यित छात्रवृत्ति तथा प्रोत्साहन सहित शिक्षा कार्यक्रम संचालन जस्ता कार्यहरु अभिलम्ब गर्नु पर्दछ । विद्यार्थी-विद्यार्थी बीच हुने भेदभाव तथा शिक्षकले गर्ने विभेदको पूर्णरुपमा अन्त्य हुनु पर्दछ । उदार कक्षोन्नति, अतिरिक्त समय शिक्षण आदिले विद्यालय छाड्ने कु-संस्कारको अन्त्य गर्न सकिन्छ । बाल मानोविज्ञान बुझेर बाल मैत्री शिक्षण गर्नु नितान्त आवश्यक छ ।

वर्तमान समयमा सबैका लागि शिक्षा भनिए तापनि व्यबहारमा सबैले शिक्षा पाइरहेका छैनन् । पिछडावर्गका विद्यार्थीहरुको विद्यालय सहभागितामा सुधार आए पनि कक्षा दोहोऱ्याउने दर , बीचैमा विद्यालय छाड्नेदर, अनुत्तीर्णदर आदिमा सुधार भएको छैन । पिछडनवर्गका विद्यार्थीहरुको शैक्षिक सहभागितामा बृद्धि सहित कक्षा दोहोऱ्याउने दर , बीचैमा विद्यालय छाड्नेदर, अनुत्तीर्णदर आदिमा सुधार गर्न प्र.अ., वि.व्य.स., शिक्षक, अभिभावक तथा श्रोतव्यक्तिको भूमिका खोजी समस्या समाधान गर्नु पर्दछ ।

## ५.२ सुझावहरु

पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता शीर्षकमा गरिएको अनुसन्धान कार्यबाट प्राप्त जानकारी, सूचना, विष्लेशण र अध्ययनको अन्त्यमा निकालिएको निष्कर्षका आधारमा भविष्यमा पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता बृद्धि गर्न निम्न सुझावहरु दिन सकिन्छ ।

नीति निर्माण तह

पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता बढाउन नीतिगत तहमा यस समुदायका अभिभावहरुको सीप विकास गराउने नीति सरकारले लिनुपर्दछ । आय आर्जनका लागि अभिभावहरुलाई सीप सिकाई उनीहरु सक्षम बनेको खण्डमा आफ्ना नानीहरुलाई विद्यालय भर्ना गर्दछन् । पिछडावर्गलाई नेपाल सरकारले प्रभावकारी तथा व्यवहारिक नीति बनाएर रकम बढाई छात्रवृत्ति प्रदान गर्नु पर्दछ । त्यसकालागि विद्यालयले वितरण प्रकृयालाई पारदर्शी बनाई विना भेदभाव वितरण गर्नु पर्दछ । पिछडावर्गका अभिभावक सचेतना कार्यक्रम संचालन गर्न सरकारले उचित नीति निर्माण गर्नु पर्दछ ताकी शिक्षा प्रति उनीहरुको सकारात्मक सोचको विकास भई विद्यार्थीहरु विद्यालय पठाउन । पूर्ण निःशुल्क शिक्षा, दिवा खाजा खर्च, निःशुल्क शैक्षिक सामाग्री र पोशाक वितरण तथा प्रोत्साहन स्वरुप दाल, चीनी, तेल जस्ता खाद्यान्न राज्यले वितरण गर्ने नीति बनाई पिछडावर्गका विद्यार्थीहरु विद्यालयमा सहभागिता बृद्धि गर्नु पर्दछ । उदार कक्षोन्नतिको नीति राज्यले पूर्णरुपले कार्यन्वयन गर्नु पर्दछ ।

कार्यन्वयन तह

पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता सु-निश्चित गर्न सर्वप्रथम अभिभावकमा जनचेतना अभिबृद्धि, प्रौढ सहभागिता, शिक्षा प्रति सकारात्मक सोचको विकासका लागि स्थानीय निकायले तुरुन्त प्रभावकारी कार्यक्रमहरु संचालन गर्नु पर्दछ । अनुभवी तथा तालिम प्राप्त शिक्षकहरुद्वारा बालमैत्री वातावरणमा कक्षा संचालन गर्नु नितान्त आवश्यक छ । विद्यालयले दण्ड रहित तथा भेदभाव रहित समय सापेक्ष वैज्ञानिक शिक्षा प्रदान गर्नुपर्छ । आवश्यक परे मात्री भाषामा शिक्षण गरी पिछडावर्गका विद्यार्थीका लागि सहज वातावरण सिर्जना गर्नु पर्दछ । प्रभावकारी शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गरिएमा लक्षित वर्गका विद्यार्थीशहरु बढी सहभागी हुन्छन् । मनोवैज्ञानिक तथा व्यवहारिक शिक्षण सिकाईका लागि शिक्षकको मनोवल उच्च बनाउदै पिछडावर्गका विद्यार्थीहरुको मनोभावना, उमेर, रुचि, चाहना अनुसार विद्यालयमा शिक्षण कार्य गर्नु गराउनु पर्दछ । कमजोर विद्यार्थीलाई छुट्टै समूहमा राखी कक्षा संचालनको व्यवस्था गरी उनीहरुलाई प्रोत्साहन दिनु पर्दछ । यसैगरी विद्यालयले आफ्नो सेवा क्षेत्रभित्र पिछडावर्गका बालबालिकाको शैक्षिक सहभागिता बढाउन भर्ना अभियान लगायत विभिन्न कार्यक्रमहरु संचालन गर्न विषेश पहल गर्नु पर्दछ ।

अनुसन्धान तह

पिछडावर्गका सबै बालबालिकाले शिक्षा लिन पाउनुपर्ने भए तापनि वर्तमान समयमा त्यसो हुन सकिरहेको छैन । पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिताका अवरोधहरु पूर्णरुपमा हटेका छैनन् । यी समुदायका विद्यार्थीहरुले बीचैमा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने बारे पनि अनुसन्धान गर्न आवश्यक छ । पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता सु-निश्चित गर्न श्रोत व्यक्ति, प्र.अ., शिक्षक, अभिभावक आदिको भूमिकाको खोजी गर्न, धर्म, पेशा, लिङ्ग आदिका आधारमा पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागितामा परेको समस्या आदि जस्ता विषयहरुमा अनुसन्धान गर्नुपर्ने देखिन्छ । साथै पिछडावर्गका विद्यार्थीहरुको अन्य विद्यार्थीहरु जस्तै समान दरमा शिक्षामा अगाडि बढाउने उपायहरुको खाजी गर्न थप अध्ययन आवश्यक हुन्छ । पिछडावर्गका लागि सरकारी सेवामा सहभागिता, अवसर र चुनौतीहरु आदि बारेमा पनि खोज अनुसन्धान गर्न सकिने प्रशस्त मार्गहरु छन् । पिछडावर्गका विद्यार्थीहरुमा उच्च शिक्षाका चुनौतीहरु आदि विषयमा अध्ययन अनुसन्धान गर्ने बाटाहरु खुल्ला छन् ।

# सन्दर्भसूची


आचार्य, खेमप्रसाद, (२०६६), *अपाङ्ग वालवालिकाहरुको शिक्षाका लागि आवासीय व्यवस्थापन र शिक्षामा पहुँच* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

काफ्ले, वासुदेव र पौडेल, गिरीराज, (२०६४), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमान्डौ : जुपिटार पब्लिकेसन ।

गुरागाई, लोचनकुमार, (२०७१), *सामुदायिक विद्यालयमा पिछडा समुदायका बालबबालिकाको शैक्षिक अवस्थाः एक समाजशास्त्रीय अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कोहेड क्याम्पस, विर्तामोड, नेपाल ।

चौधरी, बरुणकुमार, (२०६५), *मधेसी दलित विद्यार्थीहरुले प्रथमिक तह पूरा नगरी वीचैमा विद्यालय छोड्नका कारणहरुको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), सुकुना वहुमुखी क्याम्पस, मोरङ्ग, नेपाल ।

जोशी, महेन्द्रराज र बिष्ट, प्रेमसिंह, (२०६८), *जनसंख्या अध्ययन भाग–१,* काठमाण्डौः भुँडीपुराण प्रकाशन ।

दीक्षित, डा.सुन्दरमणि, (२०६८), कस्ता छन् : पिछडावर्गका हकहित ?, *जन आवाज,* वर्ष २, पूर्णाङ्क ४ ।

नेपाल अपाङ्ग मानवअधिकार केन्द्र, (२०६३), अपाङ्गलाई हेर्ने दृष्टिकोण, *अपाङ्ग आवाज,* वर्ष ६, पूर्णाङ्क ४ ।

नेपाल ओविसि महासंघ, (२०६७), *नेपाल सरकार मधेसी–पिछडावर्ग र मुस्लीम उत्थान सामुदायिक कार्यान्वियन मार्गदर्शन,* काठमाण्डौः लेखक ।

बराल, सीताराम, (२०७१), *संस्थागत विद्यालयमा पिछडावर्गका बालबालिकाको विषयगत उपलब्धि* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कन्काई वहुमुखी क्याम्पस, सुरुङ्गा, नेपाल ।

मन्नु, मनाई महतो, (२०६७), *पिछडावर्ग प्रतिवेदन,* विराटनगर : नेपाल ओविसि महासंघ ।

महतो, भरतप्रसाद, (२०६८), *पिछडावर्ग सङ्घर्ष,* काठमाण्डौ : नेपाल ओविसि महासंघ ।

शिक्षा विभाग, (२०६२), *तालिम पुस्तिका,* भक्तपुर, लेखक ।

स्थानीय मन्त्रालय, (२०६७), *गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि,* काठमाण्डौः लेखक ।

Central Bureau of Statistics (2012). *National Population and Housing Census 2011.* Kathmandu : Author

Mahato, M. (2007). *Forms and Research For OBC in Nepal* (Research). SIRF Secretariat. Kathmandu : SNV Nepal.

Mahato, R. N. (2012). *Socio-cultural Status of Other Backward Communities of Saptari and Siraha District* (Research). SIRF Secretariat. Kathmandu : SNV Nepal.

## पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता

## परिशिष्ट : एक

क. प्रधानाध्यापकको लागि अन्तरबार्ता प्रश्नावली

प्रधानाध्यापकको नाम :                                        शैक्षिक योग्यता :

विद्यालयको नाम :                                        अनुभव :

१. तपाईं पिछडावर्गका विद्यार्थी भनेर कसरी परिभाषित गर्नु हुन्छ ?

२. पिछडावर्गका विद्यार्थी विद्यालयमा भर्ना गर्न अभिभावकहरु इच्छुक छन् वा छैनन् ?

३. पिछडावर्गका विद्यार्थीाको भर्नादर र उत्तीर्णदर हालसम्म कस्तो रहेको छ ?

४. पिछडावर्गका विद्यार्थीका शैक्षिक अवरोधहरु के कस्ता छन् ?

५. पिछडावर्गका विद्यार्थीका शैक्षिक कठिनाइ समाधानका उपायहरु तपाईं के के देख्नुहुन्छ ?

६. पिछडावर्गका विद्यार्थीमा भाषिक विविधताले शैक्षिक सहभागितामा कस्तो प्रभाव पार्छ ?

७. पिछडावर्गका विद्यार्थीहरुलाई शिक्षाको पहुँच भित्र ल्याउन के के गर्न सकिन्छ ?

ख. प्रधानाध्यापकको लागि  बन्द प्रश्नावली

१. तपाईंको विचारमा पिछडावर्गका वालवालिकाको भर्नादर बढाउन के गर्नु पर्ला ?

क. सूचना प्रणालीमा थप विकास गरेर                ख. यातायतको व्यवस्था गरेर

ग. विशेष छात्रबृत्तिको व्यवस्था गरेर                घ. थप खेल सामाग्री ल्याएर

२. पिछडावर्गका मानिसको मुख्य आर्थिक श्रोत के हो ?

क. व्यवसाय/व्यापार                ख. कृषि

ग. रोजगार                घ. बैदेशिक रोजगार

४. पिछडावर्गका विद्यार्थीमा शैक्षिक सहभागितामा  बढाउन के गर्नु पर्ला ?

क. आर्थिक सम्बृद्धि गराउनु                ख. उच्च शिक्षामा जोड दिनु

ग. आरक्षणको व्यवस्था मिलाउनु                घ. राजनीतिमा सहभागिता बढाउनु

६. न्यून भर्नादरलाई बृद्धि गर्न के गर्नु पर्ला ?

क.    सूचना व्यापक गर्नु                ख.    सहुलियत प्रदान गर्नु

ग.    रोजगारी दिनु                घ.    विशेष नीति ल्याउनु

## पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता

## परिशिष्ट : दुई

क. विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि अन्तरबार्ता प्रश्नावली

विद्यालयको नाम : ठेगाना :

अध्यक्षको नाम : पेशा :

१. विद्यालयमा पिछडावर्गका विद्यार्थीहरुको लागि के कस्ता अवसरहरु रहेका छन् ?

२. विद्यालय भित्रको वातावरण पिछडावर्गका विद्यार्थीहरुको लागि कस्तो रहेको छ ?

३. पिछडावर्गका विद्यार्थीहरुको विद्यालय भर्नादर बढाउन के कस्तो कार्यक्रम विद्यालयले तर्जुमा गरेको छ ?

४. पिछडावर्गका विद्यार्थीहरुको लागि के कस्तो छात्रबृत्तिको योजना गरिएको छ ?

५. भाषिक समस्याले शिक्षामा पार्ने प्रभावको व्यवस्थापन गर्न जरुरी छ वा छैन् ?

६. विद्यालयको सेवाक्षेत्र भित्रका सम्पूर्ण पिछडावर्गका विद्यार्थीहरुको शिक्षाको सुलभ पहुँचका लागि के के गर्न आवश्यकता देख्नुहुन्छ ?

ख. विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि बन्द प्रश्नावली

१. पिछडावर्गका मानिसहरुलाई शैक्षिक सहभागिता बढी गराउन के गर्नु पर्ला ?

क. आर्थिक सम्बृद्धि गराउनु ख. उच्च शिक्षामा जोड दिनु

ग. आरक्षणको व्यवस्था मिलाउनु घ. राजनीतिमा सहभागिता बढाउनु

२. विद्यालयले वालवालिकाका लागि कुन प्रकारको छात्रबृत्ति दिएको छ ?

क. पिछडावर्ग छात्रबृत्ति ख. सीमान्तकृत छात्रबृत्ति

ग. १० प्रतिशत छात्रबृत्ति घ. कुनै पनि छैन्

३. पिछडावर्गका वालवालिकाको भाषीक विविधताले शैक्षिक सहभागितामा कस्तो प्रभाव पारेको छ ?

क. डर लाग्दो ख. सामान्य

ग. अयित न्यून घ.प्रभाव नै छैन्

४. तपाईंको विचारमा पिछडावर्गका वालवालिकाको सहभागिता बढाउन के गर्नु पर्ला ?

क. सूचना ब्यापक गर्नु ख. सहुलियत प्रदान गर्नु

ग. रोजगारी दिनु घ. विशेष नीति ल्याउनु

## पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता

## परिशिष्ट : तीन

क. विद्यालय शिक्षक वा शिक्षिकाका लागि अन्तरबार्ता प्रश्नावली

विद्यालयको नाम : ठेगाना :

शिक्षक/शिक्षिकाको नाम : अनुभव :

१. प्रत्येक बर्ष पिछडावर्गका कति विद्यार्थी तपाईंको विद्यालयमा भर्ना हुन्छन ?

२. अतिरिक्त क्रियाकलापमा पिछडावर्गका विद्यार्थीको सहभागिता कस्तो रहेको छ ?

३ .पिछडावर्गका अभिभावक र शिक्षकबीचको सम्वन्ध कस्तो रहेको छ ?

४. पिछडावर्गका वालवालिकाहरु अन्य विद्यार्थी सो सरह कतिको जागरुप र सक्रिय पाउनु भएको छ ?

५. पिछडावर्गका वालवालिकाको शिक्षण सिकाइमा के के समस्याहरु देख्नु भएको छ ?

६. त्यस्ता समस्याहरु समाधान गर्न के के उपायहरु अपनाउनु पर्ला ?

ख. विद्यालय शिक्षक वा शिक्षिकाका लागि बन्द प्रश्नावली

१. पिछडावर्गका वालवालिकालाई शैक्षिक क्षेत्रमा बढी प्रवेश गराउन के गर्नु पर्ला ?

क. आर्थिक सम्बृद्धि गराउनु ख. उच्च शिक्षामा जोड दिनु

ग. आरक्षणको व्यवस्था मिलाउनु घ. राजनीतिमा सहभागिता बढाउनु

२. भर्नादर न्यूनलाई बृद्धि गर्न के गर्नु पर्ला ?

क. सूचना ब्यापक गर्नु ख. सहुलियत प्रदान गर्नु

ग. रोजगारी दिनु घ. विशेष नीति ल्याउनु

३. विद्यालयको सूचना कसरी थाहा पाउने गर्नु भएको छ ?

क. पत्रपत्रिका र एफ.एम रेडियोबाट ख. संचालकहरुबाट

ग. पोष्टर वा ब्यानरबाट घ. थाहा नै छैन्

४. विद्यालयका शैक्षिक एवम् अतिरिक्त क्रियाकलापमा वालवालिकालाई कसरी सहभागिता जनाउने गर्नु भएको छ ?

क. परीक्षा पछि ख.मासिक रुपमा गएर

ग. साप्ताहिक रुपमा घ. गराएकै छैन्

## पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता

## परिशिष्ट : चार

क. अभिभावकका लागि अन्तरवार्ता प्रश्नावली

विद्यालयको नाम : ठेगाना :

अभिभावको नाम : पेशा :

१. तपाईंको परिवारमा जम्मा कति जना वालवालिका छन् ?

२. ती वालवालिका मध्ये कति विद्यालयमा पठाउनु भएको छ ?

३. तपाईं किन वालवालिकालाई विद्यालयमा भर्ना गर्न इच्छुक हुनुभएको हो ?

४. आफ्ना वालवालिका विद्यालयमा पढाउँदा के कस्ता कठिनाइहरु भोग्नु भएको छ ?

५. विद्यालयले तपाईंका वालवालिकाका लागि कुनै प्रकारको छात्रबृत्ति दिएको छ वा छैन?

६. विद्यालयको शैक्षिक व्यवस्थापनमा के कस्ता कठिनाई पाउनु भएको छ ?

७. ती कठिनाईहरु समाधान गर्नका लागि के के उपायहरु अपनाउनु पर्ने देख्नु हुन्छ ?

८. यस विद्यालयमा पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता बृद्धि गर्न के के गर्नु पर्ने हुन्छ ?

ख. अभिभावकका लागि बन्द प्रश्नावली

१. तपाईंले आफ्ना बालबालिका किन सामुदायिक विद्यालयमा पढाउनु भएको हो ?

क. छात्रबृत्तिको पाइने भएकाले ख. सबैले पठाएको देखेर

ग. नजीकै भएकाले घ. सस्तो भएकाले

२. तपाईंले आफ्ना वालवालिका विद्यालयमा पढाउदा के कस्ता समस्या पाउनु भएको छ ?

क. भेदभावको समस्या ख. भाषिक समस्या

ग. व्यवस्थापनमा कठिनाइ घ. माथिका सबै

३. विद्यालयले तपाईंका वालवालिकाका लागि कुन प्रकारको छात्रबृत्ति दिएको छ ?

क. पिछडावर्ग छात्रबृत्ति ख. सीमान्तकृत छात्रबृत्ति

ग. १० प्रतिशत छात्रबृत्ति घ. कुनै पनि छैन्

४. संस्थागत विद्यालयमा पढाउँदा भोगेका समस्याहरु समाधान गर्नका लागि तलका मध्ये कुन उपायहरु अपनाउनु पर्ला ?

क. छात्रबृत्ति लक्ष्यित बर्गलाई दिएर ख.अभिभावकमा चेतना बढाएर

ग राम्रो निरीक्षण र सुपरीबेक्षण गरेर घ. सरकारले नियन्त्रणमा लिएर

**पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता**

**परिशिष्ट : पाँच**

क. स्रोतव्यक्तिको लागि अन्तरबार्ता प्रश्नावली

स्रोतव्यक्तिको नाम : शैक्षिक योग्यता :

स्रोतकेन्द्रको नाम : अनुभव :

१. तपाईं पिछडावर्गका विद्यार्थी भनेर कसरी परिभाषित गर्नु हुन्छ ?

२. पिछडावर्गका विद्यार्थी विद्यालयमा भर्ना गर्न अभिभावकहरु इच्छुक छन् वा छैनन् ?

३. पिछडावर्गका विद्यार्थीाको भर्नादर र उर्त्तिणदर हालसम्म कस्तो रहेको छ ?

४. पिछडावर्गका विद्यार्थीका शैक्षिक अवरोधहरु के कस्ता छन् ?

५. पिछडावर्गका विद्यार्थीका शैक्षिक कठिनाई समाधानका उपायहरु तपाईं के के देख्नुहुन्छ ?

६. पिछडावर्गका विद्यार्थीमा भाषिक विविधताले शैक्षिक सहभागितामा कस्तो प्रभाव पार्छ ?

७. पिछडावर्गका विद्यार्थीहरुलाई शिक्षाको पहुँच भित्र ल्याउन तपाई के गर्न सक्नुहुन्छ ?

ख. स्रोतव्यक्तिको लागि बन्द प्रश्नावली

१. तपाईंको विचारमा पिछडावर्गका वालवालिकाको भर्नादर बढाउन के गर्नु पर्ला ?

क. सूचना प्रणालीमा थप विकास गरेर ख. यातायतको व्यवस्था गरेर

ग. विशेष छात्रबृत्तिको व्यवस्था गरेर घ. थप खेल सामाग्री ल्याएर

२. पिछडावर्गका मानिसको मुख्य आर्थिक श्रोत के हो ?

क. व्यवसाय/व्यापार ख. कृषि

ग. रोजगार घ. बैदेशिक रोजगार

४. पिछडावर्गका विद्यार्थीमा शैक्षिक सहभागितामा बढाउन के गर्नु पर्ला ?

क. आर्थिक सम्बृद्धि गराउनु ख. उच्च शिक्षामा जोड दिनु

ग. आरक्षणको व्यवस्था मिलाउनु घ. राजनीतिमा सहभागिता बढाउनु

६. न्यून भर्नादरलाई बृद्धि गर्न के गर्नु पर्ला ?

क. सूचना व्यापक गर्नु ख. सहुलियत प्रदान गर्नु

ग. रोजगारी दिनु घ. विशेष नीति ल्याउनु

## परिशिष्ट : छ

### विद्यालय सर्बेक्षण फारम

विद्यालयको नाम : ठेगाना :

फारमभर्ने को नाम : पद :

क. कक्षागत कूल विद्यार्थी विवरण

| कक्षा –६ | | कक्षा –७ | | कक्षा –८ | |
|---|---|---|---|---|---|
| छात्रा | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| | | | | | |

ख. कक्षागत पिछडावर्ग विद्यार्थी विवरण

| कक्षा –६ | | कक्षा –७ | | कक्षा –८ | |
|---|---|---|---|---|---|
| छात्रा | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| | | | | | |

ग. छात्रबृत्ति पाउने पिछडावर्ग विद्यार्थी विवरण

| कक्षा –६ | | कक्षा –७ | | कक्षा –८ | |
|---|---|---|---|---|---|
| छात्रा | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| | | | | | |

ङ. पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिताका लागि सूचना प्रवाह विधिमा रेजा लगाउनु होला ।

| क्र.स. | सूचना प्रवाह विधि | छ | छैन |
|---|---|---|---|
| १ | सूचना टाँस गरेर | | |
| २ | पत्रपत्रिकामा छपाएर | | |
| ३ | एफ.एम रेडियोबाट | | |
| ४ | शिक्षक-शिक्षिकाबाट मौखिक रुपमा | | |
| ५ | साथीभाइ भनेर | | |
| ६ | व्यवस्थापन समितिका सदस्यबाट | | |
| ७ | ........................ | | |